**(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)**

# २०७३ साउन, भदौ र असोज महिनामा सम्पादित प्रमुख क्रियाकलाहरु (स्वत:प्रकाशन) को विवरण


**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सिंहदरवार, काठमाडौ**

**फोन: ०१-४२००३०९ इमेल: ipd@mofald.gov.np**

# बिषयसूची

| | | |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | २५ |
| ५. | मन्त्रालयका महांशाखा, शाखा र जिम्मेवार अधिकारी | २५ |
| ६. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | २७ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | २७ |
| ८. | निर्णय उपरउजुरी सुन्ने अधिकारी | २७ |
| ९. | सम्पादन गरेका कामको विवरण | २८ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ३० |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३० |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ३२ |
| १३. | मन्त्रालय अन्तरगत सञ्चालित कार्यक्रमहरु | ३२ |
| १४. | मन्त्रालय अन्तरगत सञ्चालित परियोजना/कार्यक्रमहरु | ३४ |
| १५. | मन्त्रालयको वेभसाईट | ३६ |
| १६. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ३६ |
| १७. | मन्त्रालयका निकायमा परेको सूचना माग सम्बन्धि निवेदन | ३६ |
| १८. | मन्त्रालयले गरेको सूचना सम्बन्धि थप कामहरु | ३६ |
| १९. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ३६ |
| २०. | मन्त्रालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको नामावली | ३६ |

# १. मन्त्रालयको स्वरुप र प्रकृति

विश्वका विभिन्न मुलुकहरुको योजनाबद्ध विकास शैलीले सुनिश्चित गरेको परिणामलाई मध्यनजर गरी नेपालमा २० औं शताव्दीको मध्य-समयदेखि केन्द्रीकृत राष्ट्रिय विकास रणनीति अवलम्बन गर्न थालियो ।

विकास क्रियाकलापको शुरुवातका साथै सहजीकरणका लागि विभिन्न संस्थागत संयन्त्रको सिर्जना गर्ने क्रममा वि.सं २०२८ सालमा तत्कालीन गृह एवं पञ्चायत मन्त्रालय अन्तर्गत स्थानीय विकास विभाग स्थापना भयो ।

मुलुकको राजनैतिक, आर्थिक वातावरणमा आएको समयानुकूल परिवर्तनसँगै स्थानीय विकाससँग सम्बन्धित सरकारी संयन्त्रहरुको नाम तथा संरचनात्मक स्वरुपमा परिवर्तन गर्ने कार्य हुन थाल्यो ।

**स्थानीय निकायको विवरण**

| | |
|---|---|
| जिविस : | ७५ |
| गाविस : | ३१५७ |
| गा.वि.स. वडा : | २८४१३ |
| नगरपालिका जम्मा : | २१७ |
| महानगरपालिका : | १ |
| उपमहानगरपालिका : | १२ |
| नगरपालिका : | २०४ |
| नगरपालिका वडा : | ३०९२ |

फलस्वरुप वि.सं २०३७ सालमा स्थानीय विकास मन्त्रालयको स्थापना गरी नेपालको समग्र स्थानीय शासन, विकास र सेवा प्रवाहका लागि केन्द्रबाट नेतृत्वदायी महत्वपूर्ण भूमिका निर्वाह हुँदै आयो ।

यसैक्रममा वि.सं. २०६२/०६३ सालमा भएको राजनीतिक परिवर्तनसँगै मन्त्रालयमा सङ्घीय मामिलाको कार्यक्षेत्र समावेश गरिंदा यस मन्त्रालयको विगतको संरचनामा संघीय मामिला सम्बन्धी कार्यको जिम्मेवारी समेत पर्न आयो ।

मन्त्रालयको नीति र कार्यक्रमलाई प्रभावकारी रूपले सम्पादन गर्न ७५ जिल्ला विकास समिति, २१७ नगरपालिका, ३१५७ गाउँ विकास समिति, ७५ वटा जिल्ला प्राविधिक कार्यालय, केन्द्रीय पञ्जिकरण विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग गरी २ वटा विभागका अतिरिक्त ३ वटा आयोग, ५ वटा समिति र २ वटा प्रतिष्ठान क्रियाशील रहेका छन् ।

मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान अनुरुप राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व हरु, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा समयसमयमा जारी भएका स्थानीय निकाय सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएको छ । सो अनुरुपका क्रियाकलापहरुको समन्वय, सहयोग, सहजीकरण र अनुगमन तथा मूल्यांकन गरी विकेन्द्रित शासन व्यवस्थाको सिद्धान्त र मर्म बमोजिम कार्यान्वयन गर्न गराउन मन्त्रालय निरन्तर क्रियाशील रहेको छ ।

स्थानीय विकास तथा सेवा प्रवाहको लागि नेतृत्वदायी भूमिकामा रहेको यस मन्त्रालयले विकासका विभिन्न साझेदारहरुको सहयोगमा सञ्चालित परियोजना/कार्यक्रमको समन्वय, सहयोग, सहजीकरण र सहकार्यको क्षेत्रमा प्रभावकारी भूमिका निर्बाह गरी सहभागितात्मक विकास शैली अवलम्बन गर्दै आएको छ ।

यसै सन्दर्भमा मन्त्रालयबाट समता र सामाजिक न्यायमा आधारित सन्तुलित, दिगो एवं फराकिलो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन, आदिवासी, जनजाति, दलित, सीमान्तीकृत उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तिकरणका लागि विविध प्रयासहरु भैरहेका छन् ।

## १.१ दीर्घकालीन सोच (**Vision**):

लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्वारा जनताको जीवनस्तरमा सुधार ल्याउने

## १.२ ध्येय (**Mission**):

- स्थानीय सुशासनको संस्थागत विकास गर्ने,
- स्थानीय सेवा प्रवाहमा सुधार गर्ने र
- दिगो र गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गर्ने ।

## १.३ रणनीतिहरु:

- संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरुप स्थानीय सरकारको केन्द्र तथा प्रादेशिक सरकारसँगको अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशासनिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गर्ने ।
- स्थानीय निकायको संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव संसाधन विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकताका आधारमा सम्बोधन गर्न सक्षम स्थानीय सरकारको विकास गर्ने ।
- वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय श्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणा (Decentralization SWAP) अनुरुप व्यवस्थित गर्दै खर्चको विनियोजन र व्यवस्थापन कार्यमा वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने ।
- लैङ्गिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।
- भौगोलिक, सामाजिक एवं आर्थिकरुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र, जात-जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गरी उपलब्ध स्रोत, साधन र निर्णय प्रक्रियामा उनीहरुको पहुँच अभिवृद्धि गर्ने ।
- स्थानीय सुशासन र सेवा प्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, गैरसरकारी तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउने ।

# २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ को अनुसूची २ वुँदा नं. (२५) अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:

- स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास तथा सामुदायिक विकास, स्थानीयस्तरको सडक, सिँचाइ, खानेपानी, ढल निकास तथा सरसफाइ सम्बन्धी नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- विकेन्द्रीकरण र निक्षेपणसम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमन,
- संघीय शासन प्रणाली र राज्य पुनर्संरचना,
- समावेशी लोकतन्त्र,

- स्थानीय स्वायत्त शासन तथा स्थानीय सुशासन,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा स्थानीय निकायहरुको वित्तीय व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था एवम् अनुगमन र मूल्याङ्कन,
- विकास क्षेत्र, अञ्चल, जिल्ला, गाउँ विकास समिति र नगरपालिकाको सीमाङ्कन,
- स्थानीय विकास कार्यक्रमहरु बीच समन्वय,
- स्थानीय निकायहरु बीच समन्वय र सम्पर्क,
- स्थानीय जनशक्ति र जनसहयोग परिचालन,
- स्थानीय विकाससम्बध्द अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क,
- स्थानीयस्तरका हाट, बजार, मेला,
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको प्रशासन,
- एकीकृत ग्रामीण विकास,
- स्थानीय प्रविधिको पहिचान तथा प्रवर्धन, स्थानीय तहका सडक (कृषि सडकसमेत),
- गोरेटो र घोडेटो बाटो र झोलुङ्गे पुल तथा स्थानीय पुल,
- जनजाति, आदिवासी, दलित, वादी तथा मुस्लिम विकास,
- स्थानीय विकास,
- ज्येष्ठ नागरिक, एकल महिलालगायतको सामाजिक सुरक्षा भत्ता,
- ग्रामीण विकास तथा स्थानीय विकाससम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था र
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन ।

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.स | पद नाम | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | पदपूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूर्ति | रिक्त | थप | घट | |
| १. | सचिव | विशिष्ट | | | | १ | | | | | १ |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ४ | | | ३ | | ७ |
| ३. | सहसचिव(प्रा.) | रा.प.प्रथम | ईन्जिनीयरिङ्ग | सिभिल | जनरल | १ | | | | | १ |
| ४. | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | | १६ | | | ९ | ३ | २२ |
| ५. | उपसचिव | रा.प.द्धितीय | प्रशासन | लेखा | | १ | | | | | १ |
| ६. | उपसचिव | रा.प.द्धितीय | न्याय | कानून | | १ | | | | | १ |
| ७. | सि.डि.ई. | रा.प.द्धितीय | ईन्जिनीयरिङ्ग | सिभिल | जनरल | ३ | | | | | ३ |
| ८. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | | २९ | | | १४ | ६ | ३७ |
| ९. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | ४ | | | | | ४ |
| १०. | ईन्जिनीयर | रा.प.तृतीय | ईन्जिनीयरिङ्ग | सिभिल | जनरल | ६ | | | | | ६ |

| क्र.स | पद नाम | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | पदपूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूर्ति | रिक्त | थप | घट | |
| ११. | डेमोग्राफर | रा.प.तृतीय | आ.यो. तथा तथ्यांक | तथ्यांक | | १ | | | | | १ |
| १२. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | ० | | | १ | | १ |
| १३. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ | | | | | १ |
| १४. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | | ३४ | | | १४ | ४ | ४४ |
| १५. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | ८ | | | | | ८ |
| १६. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | | ८ | | | १ | १ | ८ |
| १७. | खरिदार | रा.प.अनं.द्धितिय | प्रशासन | सामान्य प्रशासन | | ७ | | | | | ७ |
| १८. | सहलेखापाल | रा.प.अनं.द्धितीय | प्रशासन | लेखा | | ३ | | | | | ३ |
| १९. | प्रशिक्षक | रा.प.अनं.प्रथम | विविध | | | १ | | | | | १ |
| २०. | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | विविध | | | १ | | | | | १ |
| २१. | टेलिफोन अपरेटर | रा.प.अनं.द्धितीय | विविध | | | १ | | | | | १ |
| २२. | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सामान्य प्रशासन | | ७ | | | | | ७ |
| २३. | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जीनियरीङ्ग | मेकानिकल | ज.मे.इ. | ७ | | | ३ | | १० |
| २४. | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | २२ | | | ११ | ३ | ३० |
| | **जम्मा** | | | | | १६७ | | | ५६ | १७ | २०६ |

## ३.१ संघीय मामिला महाशाखा

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्य विवरण देहाय बमोजिम रहेको छः

१. संघीयता तथा राज्य पुनर्संरचना सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी कार्य,

२. संघीय मामिला तथा राज्यको पुनर्संरचना सम्बन्धी अध्ययन, अनुसन्धान र ढाँचा निर्माण,

३. संघीयतासम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरुसंगको सम्बन्ध, सञ्जाल, सम्पर्क र समन्वयसम्बन्धी कार्य,
४. स्थानीय निकाय र प्रदेशको वित्तीय श्रोत (कर, राजश्व परिचालन र बाँडफाँड) सम्बन्धी कार्य,
५. स्थानीय निकाय/सरकारको पुनर्संरचनासम्बन्धी कार्य,
६. प्रदेशमा रहने केन्द्रीय निकायहरुको मापदण्ड निर्धारण र समन्वय,
७. सरकारका विभिन्न तहहरुका कार्यहरुको बाँडफाँड, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
८. प्रादेशिक तथा स्थानीय निजामती सेवा आयोग (Local Civil Service Commission) सम्बन्धी कार्य,
९. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अरु विषयगत मन्त्रालय र स्थानीय निकायहरुको लैङ्गिक समानता तथा सामाजिकीकरण (Gender Equility and Social Inclusion), उत्तरदायी नीति निर्माणसम्बन्धी कार्य,
१०. महाशाखा अन्तर्गतका पुराना कागज धुल्याउनेसम्बन्धी कार्य,
११. महाशाखा अन्तर्गतका कार्यहरुको निर्णयसार बनाउने र संग्रह गर्ने सम्बन्धी कार्य र
१२. संघीयतासम्बन्धी अन्य विषयहरु ।

संघीय मामिला महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेको छः

## ३.१.१ संघीय मामिला शाखा

१. संघीयता तथा राज्य पुनर्संरचना सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी कार्य,
२. संघीयता सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्ध तथा त्यस्ता संस्थासंगको सम्बन्ध, संजाल, सम्पर्क सम्बन्धी कार्य,
३. सघीयता सम्बन्धी अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
४. राज्यको पुनर्संरचना सम्बन्धी कार्यहरु,
५. प्रदेशमा रहने केन्द्रीय निकायहरुको मापदण्ड निर्धारण र समन्वय,
६. सरकारका विभिन्न तहहरुका कार्यहरुको बाँडफाँड, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
७. प्रादेशिक तथा स्थानीय निजामती सेवा आयोग (Local Civil Service Commission) सम्बन्धी कार्य,
८. महाशाखा अन्तर्गतका पुराना कागज धुल्याउने सम्बन्धी कार्य,
९. संघीयता तथा राज्य पुनर्संरचना सम्बन्धी कार्ययोजना तथा कार्यान्वयन सम्बन्धी कार्य र
१०. स्थानीय निकाय र विषयगत मन्त्रालयहरूसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य ।

## ३.१.२ स्थानीय निकाय राजस्व परिचालन शाखा

१. करका नयाँ क्षेत्रहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने कार्य,
२. स्थानीय निकायका राजस्व परिचालन क्षमतामा रहेको कमीकमजोरी पहिचान गरी आवश्यक सुधारसम्बन्धी कार्य,
३. केन्द्र र स्थानीय निकायबीच हुने राजस्व बाँडफाँड सम्बन्धी कार्य,
४. राजश्व परिचालन सम्बन्धी नीतिगत, अध्ययन अनुसन्धान तथा विश्लेषण कार्य,
५. राजस्व परिचालनमा उत्कृष्ट देखिएका स्थानीय निकायहरुबाट भएका कार्यहरुको अन्य स्थानीय निकायसँग अनुभव आदानप्रदान एवम् लागू गर्ने कार्य,
६. स्थानीय निकायका राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय र पहल गर्ने कार्य,
७. Municipal Administration and Revene Softaware लगायत कर सम्बन्धी Software निर्माणमा सहयोग र गुणस्तर नियन्त्रण,
८. स्थानीय करको अनुगमन, मूल्यांकन र प्रतिवेदन सम्बन्धी कार्य,

९. नगरपालिकहरुमा एकीकृत सम्पत्ति कर कार्यान्वयनमा सहयोग,
१०. स्थानीय निकायको प्राकृतिक श्रोतसाधनसंग सम्बन्धित कर व्यवस्थापनमा सहयोग र समन्वय र
११. महाशाखा अन्तर्गत कार्यहरुको निर्णयसार बनाउने ।

## ३.१.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा

१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अरु विषयगत मन्त्रालय र स्थानीय निकायहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी नीति निर्माण गर्न सहयोग गर्ने,
२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सबै मन्त्रालय विभागहरुसँग समन्वय गरी कार्यक्रम, बजेट (अनुगमन मूल्यांकन, योजना तर्जुमा, प्रकाशनहरु) लाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउने,
३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,सँग सम्बन्धित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमहरुको कार्यान्वयन, कार्यान्वयन सहयोग र समन्वय गर्ने,
४. केन्द्र तथा जिल्लास्तरीय समिति (लैङ्गिक मूलप्रवाहीकरण, आदिवासी जनजाति र दलित उत्थान) हरुको संस्थागत विकास तथा GE and SI मा क्षमता अभिवृद्धि गर्ने,
५. सरकारी तथा गैरसरकारी संघसंस्था र नागरिक समाजमा GE and SI लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याउने,
६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरुलाई GE and SI उत्तरदायी निर्देशिकाहरु, तालिम निर्देशिकाहरु विकास गर्न सहयोग पुर्‍याउने,
७. सिकाइहरुको कार्यपत्र तयार गरी भइरहेको संरचनामा GE and SI समायोजित गर्न वकालत गर्न सहयोग पुर्‍याउने,
८. GE and SI मूलप्रवाहीकरणको लागि प्रकृया, निर्देशिका, System Mechanism, नीति र सूचकहरुलाई संस्थागत गर्न सहयोग गर्ने,
९. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र मातहतका विकास कार्यक्रम तथा स्थानीय निकायहरुको जेण्डर र सामाजिक समावेशीकरणहरुको लेखाजोखा र लेखापरीक्षण गर्ने गराउने,
१०. GESI लाई केन्द्रदेखि स्थानीय स्तरसम्म संस्थागत विकास गर्न सहयोग पुर्‍याउने,
११. GESI सँग सम्बन्धित सरकारले अन्तर्राष्ट्रियरुपमा गरेका प्रतिबद्धताहरू लागु गराउन प्रोत्साहन र सहयोग पुर्‍याउने,
१२. GESI सम्बन्धी जिल्लामा मानव संसाधन विकास, संस्थागत विकास र योजना प्रक्रियामा सहयोग पुर्‍याउने,
१३. विषयगत निकायहरुसँग GE and SI लाई मूलप्रवाहीकरण गर्ने क्षमता अभिवृद्धिको लागि सहकार्यको क्षेत्रहरु पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैङ्गिक समतामुखी तथा समावेशी बनाउन सहजीकरण गर्ने,
१४. स्थानीय निकायहरुको GE and SI संग सम्बन्धित क्रियाकलापहरुको अनुगमन मूल्यांकन गर्ने र नीति निर्माणमा पृष्ठपोषण गर्ने,
१५. लैङ्गिक समता र सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न आयोग, प्रतिष्ठान, समिति र निकायहरुको सम्पर्क शाखाको रुपमा काम गर्ने,
१६. लैङ्गिक उत्तरदायी बजेटको सम्पर्क शाखाको रुपमा काम गर्ने र
१७. विभिन्न दातृ निकाय, गैसस तथा नागरिक समाजका लैंगिक समता तथा सामाजिक समावेशीकणको सम्पर्क पदाधिकारीहरुको सन्जाल स्थापना गरी यससंग सम्बन्धित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने ।

## ३.२ सामान्य प्रशासन महाशाखाः

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्य विवरण देहाय बमोजिम रहेको छः

१. मन्त्रालय र अन्तर्गत कार्यालयहरूको संगठनात्मक स्वरुप (दरवन्दी श्रृजना खारेज) सम्बन्धी कार्य,
२. कर्मचारी प्रशासन सम्बन्धी कार्य,
३. जनशक्ति विकास सम्बन्धी कार्य,
४. मन्त्रालय र अन्तर्गत कार्यालयहरूको व्यवस्थापन निरीक्षणसम्बन्धी कार्य,
५. मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण) एवं बजेट प्रशासनसम्बन्धी,
६. लेखापरीक्षण एवं बेरुजु फछ्र्यौट सम्बन्धी कार्य,
७. मन्त्रालयको आन्तरिक सुरक्षा एवं आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य,
८. वस्तुगत सहायताको परिचालन, व्यवस्थापन एवं अनुगमनसम्बन्धी कार्य,
९. मन्त्रालय र अन्तर्गतका सामग्रीहरूको खरिद, भण्डारण र व्यवस्थापनसम्बन्धी कार्य,
१०. कर्मचारी बैठकसम्बन्धी कार्यहरू,
११. अन्तरमहाशाखा/ विभाग र शाखा बीच समन्वय प्रणाली स्थापनासम्बन्धी कार्यहरू,
१२. महाशाखा अन्तर्गतका कार्यहरूको निर्णयसार बनाउने, संग्रह गर्ने सम्बन्धी कार्य,
१३. महाशाखा अन्तर्गतका पुराना कागजपत्र धुल्याउने सम्बन्धी कार्य,
१४. मन्त्रालय र मातहतका सबै निकायहरूको आर्थिक, प्रशासनिक तथा भौतिक स्थितिको व्यवस्थापकीय पक्षहरूको निरीक्षण र कार्यवाही सम्बन्धी कार्य र
१५. स्थानीय निकायका कर्मचारीहरुको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य ।

सामान्य प्रशासन महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेको छः

### ३.२.१ कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा

१. मन्त्रालय र अन्तर्गत कार्यालयहरूमा कर्मचारीहरूको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र अनिवार्य अवकाश सम्बन्धी,
२. मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूलाई दिइने पुरस्कार एवं विभागीय सजाय सम्बन्धी,
३. कर्मचारीको सुविधा सम्बन्धी (निवृत्तिभरण, उपदान, औषधिउपचार, संचयकोष आदि),
४. मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको कार्यविवरण, त्रैमासिक एवं वार्षिक कार्यसम्पादन मूल्यांङ्कन सम्बन्धी,
५. मन्त्रालय र अन्तर्गत निकायको संगठनात्मक स्वरुप सम्बन्धी,
६. मन्त्रालय र अन्तर्गत निकायको लागि आवश्यक जनशक्ति व्यवस्था सम्बन्धी,
७. कर्मचारीहरूको विवरण तथा अभिलेख अद्यावधिक गर्ने सम्बन्धी,
८. मातहतका कार्यालयहरूको व्यवस्थापकीय निरीक्षण एवं निर्देशन दिने सम्बन्धी,
९. प्रशासनिक तथा आर्थिक अनियमितता छानविन एवं दण्ड र पुरस्कार सम्बन्धी कार्य,
१०. अधिकार प्रत्यायोजन सम्बन्धी कार्यहरू,
११. सार्वजनिक खरिद ऐन, २०६३ र तत्सम्वन्धी नियमावली अनुसार सार्वजनिक खरिद सम्बन्धी कार्य,
१२. सार्वजनिक खरिद इकाईको रुपमा कार्य गर्ने,
१३. बोलपत्र मूल्यांकन समितिको सचिवालयको रुपमा कार्य गर्ने,
१४. जिन्सी निरीक्षण र व्यवस्थापन सम्बन्धी कार्यहरू,
१५. मन्त्रालयको भौतिक सम्पत्तिको सुरक्षा एवं मर्मतसंभार, लिलाम, मिन्हा र सरसफाइ कायम राख्ने सम्बन्धी कार्य,

१६. मन्त्रालयका विद्युतीय उपकरणहरु तथा गाडीहरुको सुरक्षा, मर्मत एवं व्यवस्थापन सम्बन्धी,
१७. मेशीन, उपकरण सार्वजनिक खरिद गर्दा अपनाउनु पर्ने मापदण्ड र नम्र्स निर्धारण सम्बन्धी,
१८. जग्गा तथा अन्य अचल सम्पत्तिको सुरक्षा सम्बन्धी कार्यहरू,
१९. मन्त्रालयका सम्पूर्ण सम्पत्तिको सुरक्षा तथा प्रवर्द्धन कार्य,
२०. सार्वजनिक खरिद सम्बन्धी सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
२१. मन्त्रालयको भण्डार संचालन कार्य,
२२. मन्त्रालयको मूलदर्ता चलानी, जनसम्पर्क तथा रिसेप्सनसम्बन्धी कार्य,
२३. अन्य शाखामा नतोकिएका भैपरी आउने कार्यहरु,
२४. मन्त्रालयमा मासिक बैठक आयोजना गर्ने,
२५. मन्त्रालयमा आउने विदेशी अतिथिहरुलाई शिष्टाचार कायम गर्ने,
२६. सार्वजनिक खरिद कार्यको अनुगमन र मूल्यांकन गर्ने,
२७. रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने कार्य,
२८. संकलित पाठ्यसामग्रीहरुको वर्गीकरण, सूचीकरण लगायतका प्राविधिक कार्य गर्ने । वर्गीकरण, सूचीकरण भएका सामग्रीहरुको सामयिक-ग्रन्थसूची तयार गरी प्रकाशन गर्न व्यवस्था मिलाउने,
२९. पाठकहरुले खोजेको पुस्तक, पत्र-पत्रिका आदि Computer Software मा Data Entry गर्न लगाउने, मन्त्रालयले बनाएको डाटावेशमा सामग्रीहरु (Online Public Access Catalogue -OPAC) प्रयोग गरी सेवा दिने व्यवस्था मिलाउने,
३०. पुस्तक तथा पत्र-पत्रिकाहरुको संरक्षण सम्बर्द्धन गरी यथास्थितिमा राख्न लगाउने,
३१. दुर्लभ र उपयोगी पुस्तकहरुलाई सुरक्षित गर्ने व्यवस्था मिलाउने,
३२. इन्टरनेटको माध्यमद्वारा पाठकहरुलाई सूचनाहरु उपलब्ध गराउने र
३३. स्थानीय निकायको घर, जग्गा तथा सम्पत्तिको संरक्षण, कारोबार र अभिलेख तथा यसको विवाद र हकभोग स्वामित्व हस्तान्तरण सम्बन्धी कार्यहरु ।

## ३.२.२ जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा

१. मन्त्रालय र अन्तर्गतका निकायहरु तथा स्थानीय निकायहरुको क्षमता विकास सम्बन्धी,
२. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
३. स्वदेश तथा विदेशमा संचालन हुने तालिम, गोष्ठी र अध्ययनका लागि प्रारम्भिक प्रकृया अगाडि बढाउने,
४. मन्त्रालय र अन्तर्गतका निकायहरु तथा स्थानीय निकायहरुको क्षमता विकास सम्बन्धी उपयुक्त रणनीति तर्जुमा गर्ने,
५. स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतका क्षमता विकासका क्रियाकलाप संचालन र सहजीकरण सम्बन्धी,
६. मन्त्रालयको कामसँग सम्बद्ध विदेशी नागरिक एवं स्वयंसेवकहरुलाई भिषाको लागि सिफारिश गर्ने,
७. संयुक्त राष्ट्र संघका स्वयंसेवकहरुको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
८. मानव श्रोत विकास र क्षमता विकास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
९. मानव श्रोत व्यवस्थापन सम्बन्धी क्रियाकलापको अनुगमन र मूल्याकंन,
१०. मन्त्रालय र अन्तर्गतका कर्मचारीहरु स्वदेशी तथा विदेशी अध्ययन तालिममा जान मनोनयन, पूर्वस्वीकृति तथा विदा सम्बन्धी कार्य गर्ने,
११. वैदेशिक बैठक, भ्रमण, अध्ययन अनुसन्धान सम्पन्न भइसके पछि सम्बन्धित महाशाखा प्रमुख समक्ष प्रतिवेदन गर्ने गराउने कार्य गर्ने,

१२. कर्मचारीहरुको मन्त्रालयमा हुने शुरू सेवा प्रवेश अभिमुखीकरण तथा सेवाकालीन तालिम सम्बन्धी कार्य,

१३. वैदेशिक तालिम, अध्ययन, भ्रमण, बैठकमा मनोनयन भएका कर्मचारी र पदाधिकारीहरुको पासपोर्ट भिषा सम्बन्धी कार्य,

१४. स्थानीय निकायका कर्मचारीहरुको अभिलेख राख्ने कार्य,

१५. स्थानीय निकायका कर्मचारीहरुको बढुवा, वृत्ति विकास, उपदान, दण्ड तथा पुरस्कारका लागि कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्ने,

१६. स्थानीय निकायका कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

१७. स्थानीय निकायका कर्मचारीका सम्पत्ति विवरण सम्बन्धी कार्य,

१८. स्थानीय निकायको क्षमता विकास योजना निर्माणमा सहयोग र समन्वय र

१९. स्थानीय निकायको संगठन विकास सम्बन्धी कार्यमा सहयोग र समन्वय

### ३.२.३. आर्थिक प्रशासन शाखा

१. स्थानीय निकायलाई पठाइने अनुदानको अख्तियारी सम्बन्धी कार्य,

२. अनुदान कार्यक्रमको आर्थिक पक्षको अनुगमन,

३. स्थानीय निकायको कानून बमोजिम लेखापरीक्षण भए/नभएको अनुगमन गरी सम्वेदनशील बेरुजु उपर मन्त्रालयको निर्देशन पठाउने,

४. स्थानीय निकायको आर्थिक प्रशासन नियमावलीमा उल्लेखित विषयमा स्पष्ट गर्ने,

५. स्थानीय निकायमा कार्यरत (आर्थिक प्रशासन सम्बन्धी) कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी,

६. स्थानीय निकायको आर्थिक कार्यप्रणालीबारे अध्ययन र पुनरावलोकन सम्बन्धी कार्य,

७. मन्त्रालय अन्तर्गतका निकायलाई बजेट वितरण एवं खर्च गर्ने अख्तियारी सम्बन्धी कार्य गर्ने,

८. पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउनेसम्बन्धी कार्य,

९. आयव्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गराउने,

१०. मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,

११. मातहतका निकायहरूलाई आर्थिक प्रशासन सम्बन्धी निर्देशन दिने,

१२. शाखाहरूलाई लजिष्टिक सपोर्टको लागि बजेट व्यवस्था सम्बन्धी कार्य,

१३. कार्ययोजना तयार गरी स्थानीय निकायको आर्थिक प्रशासन शाखा सुदृढ गर्ने सम्बन्धी कार्य,

१४. स्थानीय निकाय तथा मन्त्रालयको आर्थिक प्रशासन शाखा बीच कार्यगत सम्बन्ध कायम गर्ने सम्बन्धी,

१५. सूचना विश्लेषण र स्थलगत निरीक्षण गरी आर्थिक अनियमितता माथि कारवाही गर्ने सम्बन्धी,

१६. नगरपालिकाको प्रोद्‌भावी लेखाप्रणाली सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने र

१७. स्थानीय निकायको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

## ३.३ स्वायत्त शासन व्यवस्था महाशाखाः

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्य विवरण देहाय बमोजिम रहेको छः

१. स्थानीय निकायको क्षमता एवं संस्थागत सुदृढीकरण, श्रोतसाधनको परिचालन सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी,

२. स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं आवश्यकतानुसार ऐन कानुन संशोधन र तर्जुमा सम्बन्धी,

३. विकेन्द्रीकरण र स्वायत्त शासन सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरूसँगको सम्बन्ध (Linkages), संजाल (Networking), सम्पर्क र समन्वय सम्बन्धी,

४. स्थानीय निकायको अनुदान प्रशासन सम्बन्धी कार्यहरू,

५. स्थानीय पदाधिकारीहरू (निर्वाचित/मनोनित) को अभिलेख, रिक्त पद विवरण सम्बन्धी कामहरू र स्थानीय निकायमा निर्वाचित तथा मनोनित आदिवासी, जनजाति, उपेक्षित, उत्पीडित तथा महिला सदस्यहरूको अभिलेख  व्यवस्थापन सम्बन्धी विषयमा स्थानीय निकायसँग समन्वय,
६. स्थानीय निकायको वर्गीकरण, संगठन र दरवन्दी सम्बन्धी कार्य,
७. स्थानीय स्वायत्त शासन समन्वय सम्बन्धी अन्य विषयहरू,
८. अन्तरमहाशाखाहरू र शाखाहरू बीचको समन्वय सम्बन्धी,
९. महाशाखा अन्तर्गतका पुराना कागज धुल्याउने सम्बन्धी कार्य र
१०. महाशाखा अन्तर्गतका कार्यहरूको निर्णयसार बनाउने र संग्रह गर्ने सम्बन्धी कार्य ।

स्वायत्त शासन महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण देहाय बमोजिम रहेको छः

## ३.३.१ ग्रामीण विकास शाखा

१. जिल्ला विकास समिति एवं गाउँ विकास समितिको संस्थागत सुदृढीकरण कार्यक्रम संचालन, निरीक्षण र अनुगमन,
२. जिल्ला विकास समिति एवं जिल्ला परिषद्बाट भएका निर्णयहरूको संकलन, विश्लेषण एवं आवश्यक नीतिगत निर्देशन,
३. स्थानीय निकायको संरचना, सीमा निर्धारण र केन्द्र सम्बन्धी,
४. विभिन्न कार्यक्रम कार्यान्वयनको सिलसिलामा स्थानीय निकायसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय निकायहरूको सम्पर्क समन्वय सम्बन्धी,
५. लक्षित समुदायको उत्थानको लागि संचालन गरिएका कार्यक्रमहरूमा सहयोग पुऱ्याउने र सम्पर्क शाखाको काम गर्ने र
६. जिल्ला विकास समिति एवं गाउँ विकास समितिहरूलाई नेपाल सरकारबाट प्राप्त अनुदान (न्यूनतम तथा थप समेत) रकम बाँडफाँडको मापदण्ड निर्धारण र वितरण गर्ने तथा निर्वाचन क्षेत्र विकास सम्बन्धी कार्यहरू

## ३.३.२. विकेन्द्रीकरण शाखा

१. स्थानीय निकायको संस्थागत सुदृढीकरण सम्बन्धी नीति र योजना सम्बन्धी कार्य,
२. विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति र विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन कार्यसमितिको सचिवालय सम्बन्धी कार्य,
३. नेपाल सरकारले स्थानीय निकायलाई स्वायत्त शासन सम्बन्धी निर्देशन दिने नीतिगत विषयहरू,
४. विशेष कार्यक्रमहरूको सम्पर्क, संचालन र व्यवस्थापन सम्बन्धी कार्यहरू,
५. स्थानीय निकायलाई निलम्वन र भङ्ग गर्ने कारवाही सम्बन्धी कार्यहरू,
६. स्थानीय निकायहरू बीच आपसी समन्वय र सामञ्जस्यता सम्बन्धी कार्यमा सहयोग,
७. स्थानीय निकायहरूको वर्गीकरण सम्बन्धी कार्य,
८. स्थानीय निकाय सम्बन्धी ऐन, नियम तर्जुमा र संशोधन, स्थानीय निकाय सेवा गठन, संचालन तथा विषयगत शाखा सम्बन्धी कार्य र

९. गाउँ विकास समिति एवं जिल्ला विकास समितिलाई आवश्यक वित्तीय साधन र श्रोत उपलब्ध गराउन सहयोग गर्ने

## ३.३.३ सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा

१. सामुदायिक विकास तथा सामाजिक परिचालन सम्बन्धी नीति योजना एवं कार्यक्रम संचालन,

२. गैर सरकारी संस्थाहरू (NGOs), सामुदायिक संस्थाहरू (CBOs) र उपभोक्ता (Users' Group) हरूको संस्थागत विकास, व्यवस्थापन एवं परिचालन सम्बन्धी,
३. NGO/INGO बाट कार्यान्वयन हुने कार्यक्रम सम्बन्धमा राय प्रतिक्रिया दिने,
४. सामाजिक परिचालन सम्बन्धी विभिन्न नीति नियमहरु तर्जुमा गर्ने,
५. केन्द्रीय स्तरमा रहेका सामाजिक परिचालन निकायहरुबीच कार्यगत समन्वय गर्ने,
६. स्थानीय निकायहरुलाई सामाजिक परिचालन कार्यान्वयनका लागि आवश्यक निर्देशनहरु दिने,
७. स्थानीय निकाय र क्षेत्रीय समन्वय इकाईको समन्वयमा जिल्ला र नगर सामाजिक परिचालन समितिको क्षमता अभिवृद्धि गर्ने र
८. NGO FACILITY सम्बन्धी सम्पर्क शाखाको रुपमा समन्वय गर्ने ।

## ३.४ अनुगमन तथा मूल्याङ्कन महाशाखा

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छः

१. अनुगमन तथा मूल्याङ्कनका सूचक सम्बन्धी नीतिगत कार्य,
२. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा आयोजनाहरूको नियमित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने,
३. प्रगति विवरणहरूको संकलन एवं विश्लेषण एवं पृष्ठपोषण सम्बन्धी कार्य,
४. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समितिमा पेश गर्ने,
५. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने । वार्षिक एवं चौमासिक समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने । स्थानीय निकायबाट गरिएका समीक्षाको अभिलेख राख्ने र बाधा अड्चन फुकाउन पेश गर्ने,
६. वार्षिक प्रगति विवरण संकलन र विश्लेषण गर्ने,
७. महाशाखा शाखाहरू तथा अन्तर्गत समिति/आयोग/प्रतिष्ठानहरूको बीच समन्वय र सम्पर्कका लागि आन्तरिक कार्यान्वयन निर्देशिका सम्बन्धी कार्यहरू,
८. मन्त्रालयबाट तोकिएको विभिन्न आयोग, समिति, प्रतिष्ठान र कार्यक्रमहरूको सम्पर्क एवं समन्वय,
९. स्थानीय निकायहरुको विकास कार्यक्रमको संभाव्यता तथा पूर्वसंभाव्यता सम्बन्धी कार्य,
१०. स्थानीय निकायले प्रदान गरेको सेवाबाट नागरिकले प्राप्त गरेको सेवाको मूल्यांकन तथा विश्लेषण कार्य,
११. स्थानीय निकायहरुको नतिजामूलक अनुगमन पद्धति सम्बन्धी कार्य,
१२. सहभागितामूलक अनुगमन तथा मूल्यांकन प्रणाली संस्थागत गर्ने कार्य,
१३. स्थानीय निकायहरुबाट भइरहेको विकास कार्यहरुको प्रभाव मूल्यांकन सम्बन्धी कार्य,
१४. जिल्ला गरिवी अनुगमन प्रणाली (DPMAS) सम्बन्धी कार्य र
१५. स्थानीय निकायमा सामाजिक उत्तरदायित्वका विधिहरुको प्रयोगमा सहयोग र समन्वय ।

अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण देहाय बमोजिम रहेको छः

### ३.४.१ अनुगमन तथा मूल्याङ्कन शाखा

१. अनुगमन तथा मूल्याङ्कनका सूचक सम्बन्धी नीतिगत कार्यमा सहयोग गर्ने,
२. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा आयोजनाहरूको नियमित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने,
३. प्रगति विवरणहरूको संकलन एवं विश्लेषण एवं पृष्ठपोषण सम्बन्धी कार्य गर्ने,

४ आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालय स्तरीय समस्या समाधान समितिमा पेश गर्ने,

५. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने । वार्षिक एवं चौमासिक समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने । स्थानीय निकायबाट गरिएका समीक्षाको अभिलेख राख्ने र बाधा अड्चन फुकाउन पेश गर्ने,

६. वार्षिक प्रगति विवरण संकलन र विश्लेषण गर्ने,

७. शाखाहरू तथा अन्तर्गत समिति/आयोग/प्रतिष्ठानहरूको बीच समन्वय सम्पर्कका लागि आन्तरिक कार्यान्वयन निर्देशिका सम्बन्धी कार्यहरू र

८. स्थानीय निकायमा सामाजिक उत्तरदायित्वका विधिहरुको प्रयोगमा सहयोग र समन्वय गर्ने ।

## ३.४.२. सुशासन प्रवर्द्धन शाखा

१. सेवाप्रवाह तथा विकास निर्माण कार्यमा उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता प्रवर्द्धन गर्ने सम्बन्धी नीति निर्माण, कार्यान्वयन, समन्वय तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यहरु गर्ने,

२. नागरिक बडापत्र अनुसार सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्न आवश्यक पर्ने कार्यहरु गर्ने,

३. नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक पर्ने कार्यहरु,

४. उजुरी तथा गुनासो सुनुवाइ सम्बन्धी कार्यहरु,

५. हेलो सरकार सम्बन्धी कार्यहरु,

६. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायको सम्पर्क ( Focal ) शाखाको रुपमा कार्य गर्ने,

७. सुशासन प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्यहरु,

८. सुशासन सम्बन्धी भएगरेका कामहरुको अभिलेख, संश्लेषण, प्रकाशन र वितरण सम्बन्धी काम गर्ने,

९. सुशासन सम्बन्धी निर्देशिका, मानक, मार्गदर्शन, निर्माण सम्बन्धी काम गर्ने,

१०. वित्तीय जोखिम न्यूनीकरण सम्बन्धी कार्य गर्ने,

११. शासकीय सुधार/परिवर्तन इकाई सम्बन्धी कार्य गर्ने,

१२. मन्त्रालयसँग सम्बन्धित विषयहरूमा सम्बन्धित निकायमा पर्ने उजुरी तथा निवेदनहरूका विषयमा प्रारम्भिक छानविन एवं कारवाही सम्बन्धी कार्यहरू गर्ने,

१३. स्थानीय निकायहरुको सार्वजनिक खर्चको पछ्याइ (Public Expenditure Tracking Survey) को सर्भेक्षण गर्ने,

१४. स्थानीय Public Expenditure and Financial Accountability (PEFA) को सूचकहरुको कार्यान्वयन तथा अनुगमन गर्ने,

१५. वित्तीय सुशासन जोखिम कार्यान्वयन कार्य योजना कार्यान्वयन गर्न सहयोग गर्ने,

१६. स्थानीय निकायहरु वार्षिक तथा बहुवर्षीय खरिद योजनाहरुको गुणस्तरको सुनिश्चितता गर्ने र सार्वजनिक खरिद क्षमता सुदृढीकरणमा सहयोग गर्ने,

१७. स्थानीय निकायहरुको वित्तीय सुशासन लेखाजोखा गरी सो का आधारमा वित्तीय सुशासन सुदृढीकरण कार्य गर्ने,

१८. स्थानीय शासन उत्तरदायी संयन्त्रको सम्पर्क शाखाको रुपमा कामकाज गर्ने र

१९. यस सम्बन्धी अन्य तोकिएका काम गर्ने

## ३.४.३ समिति, आयोग, प्रतिष्ठान समन्वय शाखा

१. नेपाल सरकारले कुनै समिति, संस्था वा अधिकारीलाई अधिकार सुम्पने विषयहरू,

२. महाशाखा/शाखाहरू तथा अन्तर्गत समिति/आयोग/प्रतिष्ठानहरूको बीच समन्वय/सम्पर्कका लागि आन्तरिक कार्यान्वयन निर्देशिका सम्बन्धी कार्यहरू,
३. मन्त्रालयबाट तोकिएको विभिन्न आयोग, समिति, प्रतिष्ठान र कार्यक्रमहरूको सम्पर्क एवं समन्वय,
४. मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने,
५. समिति/आयोग/प्रतिष्ठानका पदाधिकारीहरुको नियुक्ति, अवकास सम्बन्धी कार्य गर्ने,
६. स्थानीय निकायमा रहेका समितिहरुका पदाधिकारीहरुको नियुक्ति अवकास लगायतका प्रशासनिक कार्यहरु गर्ने,
७. समिति/आयोग/प्रतिष्ठानको सम्पर्क शाखाको रुपमा काम गर्ने,
८. समिति/आयोग/प्रतिष्ठानको क्षमता विकास सम्बन्धी काम गर्ने र
९. समिति/आयोग/प्रतिष्ठानका अभिलेख व्यवस्थापन तथा तथ्यांक सम्बन्धमा सहजीकरण र सहयोग सम्बन्धी कार्य गर्ने ।

## ३.५ योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छः

१. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा वार्षिक बजेट र कार्यक्रम तयारी सम्बन्धी कार्य गर्ने,
२. विकास आयोजना तर्जुमा गर्ने सम्बन्धमा आवश्यक नीति एवं निर्देशन दिने,
३. ग्रामीण विकास परियोजनाहरूको समन्वय सम्बन्धी,
४. मन्त्रालयको वैदेशिक सहयोग नीति तर्जुमा सम्बन्धी कार्य गर्ने,
५. विविध परियोजना प्रस्तावमा मन्त्रालयको राय प्रतिक्रिया दिने,
६. अन्तर्राष्ट्रिय दातृ संस्थाहरूसँगको समन्वय,
७. अन्तर महाशाखा/विभाग र शाखा बीच समन्वयको प्रणाली स्थापना गर्ने,
८. वैदेशिक सहयोग सम्बन्धमा नीतिगत अध्ययन अनुसन्धान र विश्लेषण गर्ने,
९. आयोजना, कार्यक्रमको Project Document तयार गर्ने गराउने,
१०. परियोजना (Project) हरूको प्राथमिकता निर्धारण गर्ने,
११. महाशाखासँग सम्बन्धित पुराना कागजपत्र धुल्याउने,
१२. महाशाखासँग सम्बन्धित निर्णयसार बनाउने, सम्बन्धित महाशाखा शाखालाई अवगत गराउने तथा संग्रह गर्ने र
१३. सूचना, अभिलेख तथा विद्युतीय शासन सम्बन्धी कार्य गर्ने ।

योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण देहायबमोजिम रहेको छः

### ३.५.१ योजना शाखा

१. योजना कार्यान्वयन सम्बन्धी मन्त्रालयको रणनीतिक योजना तयार गर्ने,
२. मन्त्रालय अन्तर्गत विभिन्न योजना, परियोजना एवं संघ संस्थाको वार्षिक योजना कार्यक्रम एवं बजेट तर्जुमा एवं स्वीकृति सम्बन्धी कार्य,
३. विकास आयोजनाहरू संचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्देशनहरू दिने,
४. मातहतका सम्बन्धित निकायहरूलाई बजेट सिलिङ्ग पठाउने,
५. आयोजना एवं कार्यक्रम स्वीकृत भए पछि सम्बन्धित निकायलाई जानकारी गराउने,
६. एकीकृत ग्रामीण विकास परियोजनाहरूको समन्वय एवं संचालन सम्बन्धी कार्य गर्ने,
७. कार्यक्रम समन्वयका लागि महाशाखागत बजेट व्यवस्था गर्ने,

८. मन्त्रालयको रणनीतिक योजना तयार गर्ने,
९. मन्त्रालय अन्तर्गत संचालित कार्यक्रम तथा आयोजनाको Project Document तयार गराई सो को आधारमा वार्षिक कार्यक्रम तथा बजेट बनाउने,
१०. जिल्लामा समयमै बजेट सिलिङ्ग पठाउन विषयगत मन्त्रालय तथा अन्य निकायहरूसँग समन्वय गर्ने,
११. काठमाडौं उपत्यका सडक विस्तार सम्बन्धी सम्पर्क शाखा,
१२. गाउँ विकास समिति तथा जिल्ला विकास समितिहरुको आवधिक योजना निर्माणमा सहयोग र समन्वय गर्ने र
१३. महाशाखा र अन्तरगतका पुराना कागज धुल्याउने सम्बन्धी कार्य गर्ने ।

## ३.५.२ वैदेशिक सहयोग समन्वय शाखा

१. वैदेशिक सहयोग सम्बन्धमा नीतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने,
२. वैदेशिक सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरूको हस्तान्तरण सम्बन्धी नीति बनाउने,
३. मन्त्रालयको रणनीतिक योजना तयार गर्ने,
४. अन्तर्राष्ट्रिय दातृ निकायहरुसंग समन्वय गर्ने,
५. अर्थ मन्त्रालयसँग समन्वय गरी स्थानीय विकासको लागि वैदेशिक सहयोग नीति र प्राथमिकता तय गर्ने,
६. परियोजना (Project) हरूको प्राथमिकता निर्धारण गर्ने,
७. वैदेशिक सहायताको Sector Wide Approach को संस्थागत विकास,
८. स्थानीय विकाससंग सम्बन्धित Foreign Aid Policy को कार्यान्वयन गर्ने,
९. वैदेशिक सहायताको प्राविधिक सहयोग TA को व्यवस्थापन गर्ने र
१०. वैदेशिक सहायताका लागि Project Bank निर्माण गर्ने ।

## ३.५.३ सूचना तथा विद्युतीय शासन शाखा

१. सूचना संकलन, संग्रह, अभिलेख सम्बन्धी कार्य गर्ने,
२. सबै महाशाखा/शाखासंग समन्वय गरी मन्त्रालयका आवश्यक प्रकाशनहरू प्रकाशित गर्ने,
३. भौगोलिक सूचना प्रणाली सम्बन्धी कार्य गर्ने,
४. संसद अधिवेशनको रिर्पोटिङ्ग सम्बन्धी कार्य गर्ने,
५. पुस्तकालय स्थापना, संचालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
६. मन्त्रालयसँग सम्बन्धित सूचना प्रवाह गर्ने (प्रवक्ता) सम्बन्धी कार्य गर्ने,
७. स्थानीय निकायको आर्थिक नियमितता तथा कार्यसम्पादन स्थिति झल्कने गरी तुलनात्मक विवरण नियमित रुपमा प्रकाशन गर्ने,
८. बेरुजु स्थिति, प्रशासनिक खर्च, पूँजीगत निर्माण, अनुपात, आन्तरिक श्रोत आदिको विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने,
९. मन्त्रालयमा कम्प्यूटर नेटवर्किङ्ग गर्ने,
१०. स्थानीय निकायहरूका सफल कार्य (Best Practices) को प्रकाशन तथा प्रसार गर्ने,
११. कम्प्यूटर /प्रिन्टर /नेटवर्कीङ्ग सम्बन्धी समस्याको मर्मत, रेखदेख, स्याहार सम्भार गर्न लगाउने,
१२. मन्त्रालयको Singha Durbar Gate Pass System व्यवस्थित गराउने,
१३. मन्त्रालयको दर्ता चलानी, हेल्पडेस्क, टेलिफोन, फोटोकपी, इत्यादि सुचारुरुपले संचालन गर्ने, गराउने,
१४. मन्त्रालयमा कार्यरत कर्मचारीको व्यक्तिगत विवरण, विदा र हाजिरी व्यवस्थापन गर्ने,
१५. e-Governance System अद्यावधिक/संचालन गर्ने,
१६. कम्प्युटर Maintenance सम्बन्धी व्यवस्थापन कार्य गर्ने,

१७. Software Development, Installation, Upgrade सम्बन्धी व्यवस्थापन कार्य गर्ने,
१८. Network/System Administration सम्बन्धी व्यवस्थापन कार्य गर्ने,
१९. PIS मा रहेको विवरणहरु अद्यावधिक गर्ने गराउने कामका लागि समन्वय गर्ने,
२०. Website अद्यावधिक गर्ने,
२१. Lease line/Internet को व्यवस्थापन गर्ने,
२२. Server व्यवस्थापन गर्ने,
२३. Online Portal सम्बन्धी कार्य गर्ने र
२४. IT सम्पर्क इकाई सम्बन्धी कार्य गर्ने ।

## ३.६. नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत चारवटा शाखाहरु रहेका छन् । महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छः

१. नगरपालिकाहरूको संस्थागत विकास, आर्थिक तथा प्रशासनिक सुदृढीकरण सम्बन्धी कार्य गर्ने,
२. श्रोत परिचालन र समन्वय सम्बन्धी कार्य गर्ने,
३. पूर्वाधार तथा सेवा सुविधाको विकासमा सहयोग पुऱ्याउने सम्बन्धी कार्य गर्ने,
४. नगरपालिकाको आवधिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी कार्य गर्ने,
५. वातावरण र दिगो विकास सम्बन्धी नीतिनिर्माण, समन्वय, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
६. अन्तरमहाशाखा र मातहत शाखाहरू बीच समन्वय कायम गर्ने कार्य गर्ने,
७. अनुदान बाँडफाँड सम्बन्धमा उपयुक्त भार प्रणाली निर्धारण, संशोधन, परिमार्जन र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
८. नगरविकास कोष तथा नगर र वातावरणीय सम्बन्धमा प्रतिनिधित्व गर्ने,
९. नीति निर्माणमा सहयोग सम्बन्धी कार्य गर्ने,
१०. नगरपालिकाहरूको दक्षता मूल्याङ्कन सम्बन्धी कार्य गर्ने र
११. शाखाहरूको निर्णयसार बनाउने र कागज धुल्याउने सम्बन्धी गर्ने ।

नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण देहाय बमोजिम रहेको छः

### ३.६.१ नगरपालिका व्यवस्थापन शाखा - (क)

पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रका नगरपालिकाहरुसँग सम्बन्धित निम्न कार्यहरु गर्नेः

१. नगरपालिकाहरूको संस्थागत विकासको लागि नीति, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
२. नगरपालिका अनुदान (राजस्वसमेत) को बाँडफाँड तथा अनुगमन सम्बन्धी कार्य गर्ने,
३. स्थानीय विकास शुल्कको लगत, वितरण, अभिलेख, लेखापरीक्षण तथा जगेडा कोषको रकम सम्बन्धी कार्य गर्ने,
४. नगरपरिषद्को निर्णयमा सुझाव/प्रतिक्रिया जनाउने, बैठकको निर्णय अध्ययन र विवाद समाधान सम्बन्धी कार्य गर्ने,
५. नगरविकास योजनाको लागि नगरपालिकाले ऋण लिने, नगरपालिका क्षेत्रको जग्गा (ऐलानी पर्ती समेत) सम्बन्धित कारवाही र अचल सम्पत्ति बेचबिखन गर्ने सम्बन्धी कार्य गर्ने,
६. सार्क सम्मेलन, अन्य सम्मेलन तथा समारोह सम्बन्धी कार्य गर्ने,
७. नगरपालिकाहरूले मागगरेको विदेशी स्वयंसेवक प्राविधिकको व्यवस्था र अनुगमन सम्बन्धी कार्य गर्ने,
८. नगरपालिकाको आन्तरिक श्रोत साधनको पहिचान, परिचालन, समन्वय र आर्थिक एवं प्रशासनिक अनुशासन सम्बन्धी कार्य गर्ने,

९. नगरपालिकाको गठन, वर्गीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
१०. नगरपालिकाको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गर्ने,
११. नगरपालिकाद्वारा खरिद गरिने सवारी तथा अन्य साधनमा कर छूट सम्बन्धी कार्य गर्ने,
१२. अन्तर्राष्ट्रिय संस्थालाई सदस्यता शुल्क सम्बन्धी कार्य गर्ने,
१३. विषयगत मन्त्रालय र नेपाल नगरपालिका संघसँग सम्पर्क र समन्वय सम्बन्धी,
१४. Management Improvement सम्बन्धी क्षमता अभिवृद्धि र तत्सम्बन्धी कार्यको अनुगमन गर्ने,
१५. नगरपालिकाको दक्षता मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,
१६. नगरविकास सम्बन्धी दूरदृष्टि (Vision), वस्तुगत विवरण, स्रोत नक्सा सम्बन्धी कार्य गर्ने,
१७. नगरपालिकाको आवधिक र वार्षिक योजना, स्थानीय योजना, जग्गा विकास र तत्सम्बन्धी प्रगति संकलन, अनुगमन र मूल्यांकन सम्बन्धी कार्य गर्ने,
१८. शहरी योजना सम्बन्धी कार्य गर्ने,
१९. नगरउन्मुख बस्ती क्षेत्रको शहरी विकास योजना सम्बन्धी कार्य गर्ने,
२०. नगरयोजना सम्बन्धी मंत्रालयको राय तथा प्रतिक्रिया उपलब्ध गराउने,
२१. जनसहभागिताको नीति सम्बन्धी तयार गर्ने,
२२. नगरविकास कोष सम्बन्धी कार्य गर्ने,
२३. गाउँ नगर साझेदारी विकास कार्यक्रम, शहरी विकास रणनीति तयार गर्ने,
२४. नगरपालिका योजना र नगर योजनासँग सम्बन्धित काममा स्वदेशी तथा विदेशी संघ संस्था तथा दातृराष्ट्रसित सम्पर्क र समन्वय सम्बन्धी कार्य गर्ने,
२५. शहरी विकास योजनाको समीक्षा, मार्गदर्शन र बजेट सिलिङ्ग संबन्धमा समन्वय सम्बन्धी कार्य गर्ने,
२६. Child Friendly Cities सम्बन्धी कार्यहरु,
२७. नगरपालिका विस्तार र घोषणा सम्बन्धी कार्यहरु,
२८. नगर यातायात गुरुयोजना सम्बन्धी कार्यहरु,
२९. स्थानीय आर्थिक विकास सम्बन्धी कार्यहरु र
३०. नगरपालिकाहरु बीच भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्यहरु ।

### ३.६.२. नगरपालिका व्यवस्थापन शाखा - (ख)

पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका नगरपालिकाहरुसंग सम्बन्धित निम्न कार्यहरु गर्नेः

१. नगरपालिकाहरूको संस्थागत विकासको लागि नीति, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
२. नगरपालिका अनुदान (राजस्वसमेत) को बाँडफाँड तथा अनुगमन सम्बन्धी कार्य गर्ने,
३. स्थानीय विकास शुल्कको लगत, वितरण, अभिलेख, लेखापरीक्षण तथा जगेडा कोषको रकम सम्बन्धी कार्य गर्ने,
४. नगरपरिषद्को निर्णयमा सुझाव/प्रतिक्रिया जनाउने, बैठकको निर्णय अध्ययन र विवाद समाधान सम्बन्धी कार्य गर्ने,
५. नगरविकास योजनाको लागि नगरपालिकाले ऋण लिने, नगरपालिका क्षेत्रको जग्गा (ऐलानी पर्तीसमेत) सम्बन्धी कारवाही र अचल सम्पत्ति बेचबिखन गर्ने सम्बन्धी कार्य गर्ने,
६. सार्क सम्मेलन, अन्य सम्मेलन तथा समारोह सम्बन्धी कार्य गर्ने,
७. नगरपालिकाहरूले माग गरेको विदेशी स्वयंसेवक प्राविधिकको व्यवस्था र अनुगमन सम्बन्धी कार्य गर्ने,
८. नगरपालिकाको आन्तरिक श्रोत साधनको पहिचान, परिचालन, समन्वय र आर्थिक एवं प्रशासनिक अनुशासन सम्बन्धी कार्य गर्ने,

९. नगरपालिकाको गठन, वर्गीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
१०. नगरपालिकाको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गर्ने,
११. नगरपालिकाद्वारा खरिद गरिने सवारी तथा अन्य साधनमा कर छूट सम्बन्धी कार्य गर्ने,
१२. अन्तर्राष्ट्रिय संस्थालाई सदस्यता शुल्कसम्बन्धी कार्य गर्ने,
१३. विषयगत मन्त्रालय र नेपाल नगरपालिका संघसँग सम्पर्क र समन्वय सम्बन्धी,
१४. Management Improvement सम्बन्धी क्षमता अभिवृद्धि र तत्सम्बन्धी कार्यको अनुगमन गर्ने,
१५. नगरपालिकाको दक्षता मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
१६. नगरविकास सम्बन्धी दूरदृष्टि (Vision), वस्तुगत विवरण, स्रोतनक्सा सम्बन्धी कार्य गर्ने,
१७. नगरपालिकाको आवधिक र वार्षिक योजना, स्थानीय योजना, जग्गा विकास र तत्सम्बन्धी प्रगति संकलन, अनुगमन र मूल्यांकन सम्बन्धी कार्य गर्ने,
१८. शहरी योजना सम्बन्धी कार्य गर्ने,
१९. नगरउन्मुख बस्ती क्षेत्रको शहरी विकास योजना सम्बन्धी कार्य गर्ने,
२०. नगरयोजना सम्बन्धी मंत्रालयको राय तथा प्रतिक्रिया उपलब्ध गराउने,
२१. जनसहभागिताको नीति सम्बन्धी तयार गर्ने,
२२. नगरविकास कोष सम्बन्धी कार्य गर्ने,
२३. गाउँ नगर साझेदारी विकास कार्यक्रम, शहरी विकास रणनीति तयार गर्ने,
२४. नगरपालिका योजना र नगर योजनासँग सम्बन्धित काममा स्वदेशी तथा विदेशी संघसंस्था तथा दातृ राष्ट्रसित सम्पर्क र समन्वय सम्बन्धी कार्य गर्ने,
२५. शहरी विकास योजनाको समीक्षा, मार्गदर्शन र बजेट सिलिङ्ग संबन्धमा समन्वय सम्बन्धी,
२६. Child Friendly Cities सम्बन्धी कार्यहरु,
२७. नगरपालिका विस्तार र घोषणा सम्बन्धी कार्यहरु,
२८. नगर यातायात गुरुयोजना सम्बन्धी कार्यहरु,
२९. स्थानीय आर्थिक विकास सम्बन्धी कार्यहरु र
३०. नगरपालिकाहरु बीच भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्यहरु ।

### ३.६.३ वातावरण व्यवस्थापन शाखा

१. शहरी, ग्रामीण र सामुदायिक वातावरणीय व्यवस्थापन र दिगोविकास सम्बन्धमा मन्त्रालयको नीति निर्धारण तथा योजना, निर्देशिका तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुगमन र मूल्यांकन सम्बन्धी कार्यहरु,
२. मन्त्रालय अन्तरगत संचालित कार्यक्रमको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्यहरु,
३. स्थानीय योजना चक्र (Planning Cycle) मा वातावरणीय पक्षहरूको एकीकरण र वातावरणीय मूल्याङ्कन सम्बन्धी कार्यहरु,
४ सरसफाइ तथा फोहर मैला व्यवस्थापन सम्बन्धी नीति, योजना एवं कार्यान्वयन सम्बन्धी कार्यहरु,
५. समुदाय, ग्रामीण र नगर क्षेत्रमा वातावरणीय जनचेतना, वातावरण संरक्षण र उपयोग सम्बन्धी,
६. स्थानीय निकायहरू र स्थानीय तहमा कार्यरत गैरसरकारी, सामुदायिक एवं निजी क्षेत्रका संस्थाहरूको वातावरणमैत्री योजना तर्जुमा एवं कार्यान्वयनमा क्षमता अभिवृद्धि सम्बन्धी,
७. स्थानीय स्तर र केन्द्रमा वातावरणीय तथ्यांक संकलन, वातावरण व्यवस्थापन सूचना प्रणाली (EMIS) सम्बन्धी,
८. स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी निर्धारित मापदण्डहरूको कार्यान्वयन र अनुगमन सम्बन्धी,

९. हरियाली तथा खुला क्षेत्रको विकास तथा वातावरणीय व्यवस्थापन कार्यमा नगरपालिका एवं अन्य स्थानीय निकायहरूलाई सक्रिय गराउने सम्बन्धी,
१०. स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय प्रयासहरू र संस्थाहरूसँग सम्बन्ध र समन्वय सम्बन्धी,
११. वातावरणीय ह्रास, जोखिम न्यूनीकरण सम्बन्धी,
१२. फोहरमैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्र, सार्वजनिक उद्यान तथा सभागृह विकास समिति, पदमपुर स्थानान्तरण कार्यक्रम, पोखरा वातावरण सुधार आयोजना, काठमाडौं उपत्यका म्यापिङ्ग कार्यक्रम, अन्य वातावरण र दिगो विकाससंग सम्बधित आयोजना, केन्द्र र समितिको सम्पर्क सम्बन्धी,
१३. वातावरण व्यवस्थापनसंग सम्बन्धित ऐन, नियम, विनियम निर्देशिका आदिको संकलन सम्बन्धी,
१४. भू-उपयोग योजना कार्यान्वयनमा स्थानीय निकायलाई सहयोग र समन्वय,
१५. EIA र IEE सम्बन्धी कार्यहरु र
१६. खुल्ला दिशामुक्त घोषणा सम्बन्धी कार्यहरु

### ३.६.४. अग्नि नियन्त्रण तथा विपद व्यवस्थापन शाखा

१. विपद/जोखिम व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन, समन्वय तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य,
२. विपद/जोखिम व्यवस्थापन सम्बन्धमा सरकारी तथा विदेशी संघसंस्थाहरु बीच समन्वय राख्ने,
३. विपद/जोखिम व्यवस्थापन सम्बन्धी तालिम, सेमिनार र गोष्ठी सम्बन्धी कार्य,
४. विपद/जोखिम व्यवस्थापनका लागि जनचेतना जगाउने तथा समुदाय परिचालन गर्ने सम्बन्धी,
५. नगर तथा ग्रामीण क्षेत्रमा वारुणयन्त्र व्यवस्थापन सम्बन्धी नीतिगत कार्य गर्ने,
६. वारुणयन्त्र तथा अग्नि नियन्त्रणको क्षेत्रमा कार्य गर्ने कर्मचारी तथा संस्थाहरुको क्षमता विकास सम्बन्धी कार्य गर्ने,
७. समुदाय, ग्रामीण तथा नगरक्षेत्रमा जनचेतना अभिवृद्धि सम्बन्धी कार्य गर्ने,
८. वारुणयन्त्र तथा अग्नि नियन्त्रण र विपद्को क्षेत्रका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासंग समन्वय, सहकार्य, संजाल निर्माण सम्बन्धी कार्य,
९. सम्बन्धित ऐन, नियम निर्देशिका संकलन तथा प्रकाशन सम्बन्धी कार्य,
१०. दमकल व्यवस्थापन सम्बन्धी कार्यहरू र
११. गाउँ तथा नगरमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा सहयोग ।

## ३.७ पूर्वाधार विकास महाशाखा

यस महाशाखा अन्तर्गत तीनवटा शाखाहरु रहेका छन् । यस महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छः

१. स्थानीय पूर्वाधार विकास सम्बन्धी आवश्यक नीतिहरुको निर्माण, परिमार्जन तथा संशोधन सम्बन्धी कार्यमा सहयोग गर्ने,
२. स्थानीय पूर्वाधार विकासको लागि नेपाल सरकार तथा दातृ निकायहरुको सशर्त अनुदानको रुपमा संचालन हुने कार्यक्रमहरुको वार्षिक योजना तथा प्रगतिहरु मन्त्रालय स्तरमा एकीकृत गरी मन्त्रालयका सम्बन्धित महाशाखाहरुमा उपलब्ध गराउने,
३. स्थानीय पूर्वाधार विकासको लागि मन्त्रालय स्तरबाट आवश्यक अनुगमन, निरीक्षण तथा निर्देशन दिने,
४. स्थानीय पूर्वाधार विकासको लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग तथा मन्त्रालयका अन्य महाशाखाहरु बीच आवश्यक समन्वय गर्ने,
५. महाशाखासंग सम्बन्धित कामहरुको सन्दर्भमा अन्तरमन्त्रालय समन्वय गर्ने,

६. स्थानीय भौतिक पूर्वाधारको क्षेत्रगत दीर्घकालीन योजनाहरु तर्जुमा गर्न सहयोग गर्ने,
७. स्थानीय भौतिक पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्ट्याण्डर्ड, नर्म्स, स्पेसिफिकेसन, परिमार्जन तथा संशोधन गर्ने,
८. स्थानीय भौतिक पूर्वाधारको मापदण्ड निर्धारण तथा प्रविधि विकास सम्बन्धी कार्य गर्ने,
९. शहरी पूर्वाधार समन्वय, सहजीकरण र नियमन गर्ने,
१०. वातावरणमैत्री शहरी पूर्वाधार विकास,
११. प्रविधि विकास र खोज गर्ने,
१२. शहरी भौतिक पूर्वाधार सम्बन्धी अन्य कार्यहरु र
१३. शाखाहरूको निर्णयसार बनाउने र कागज धुल्याउने सम्बन्धी गर्ने ।

पूर्वाधार विकास महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण देहाय बमोजिम रहेको छ:

## ३.७.१. मापदण्ड निर्धारण तथा प्रविधि परीक्षण शाखा

१. स्थानीय पूर्वाधार विकास तथा व्यवस्थापन सम्वन्धी विभिन्न किसिमका अनुसन्धानात्मक कार्यहरुको लागि आवश्यक नीति तय गर्न सहयोग गर्ने,
२. स्थानीयस्तरमा उपयुक्त प्रविधि परीक्षण एवं प्रवर्धनका लागि अनुसन्धान गर्न स्थानीय निकायसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने, गराउने,
३. स्थानीय पूर्वाधार विकास तथा व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने डिजाइन कोड, स्पेसिफिकेशन, डिजाइन स्ट्याण्डर्ड, दर विश्लेषण, नर्म्स, निर्माण निर्देशिका आदिको परिमार्जन सम्बन्धी कार्य गर्ने,
४. स्थानीय पूर्वाधार विकास सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक तथा अनुसन्धानमूलक संस्थाहरुसँग समन्वय गर्ने सम्बन्धी कार्य गर्ने,
५. स्थानीय श्रोत र साधनमा आधारित तथा उपयुक्त नवीनतम प्रविधिहरुको परीक्षण, परिचालन तथा विकासको लागि आवश्यक नीतिहरुको निर्माण, परिमार्जन तथा संशोधन सम्बन्धी कार्यहरुमा सहयोग गर्ने,
६. गुणस्तर परीक्षण एवं गुणस्तरयुक्त निर्माण तथा मर्मत संभार गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा सम्बन्धी कार्य गर्ने,
७. शाखाको सवारी साधन, कम्प्यूटर, कम्प्यूटर नेटवर्किङ्ग, फ्याक्स, फोटोकपी मेशिन, टेलिफोन आदिको मर्मत संभार गर्ने, गराउने,
८. शाखाको सवारी साधन लगायत अन्य मालसामानहरुको एवं वस्तुगत सहायताका रुपमा प्राप्त सामानहरुको लगत अद्यावधिक राख्ने, राख्न लगाउने,
९. शाखाको दैनिक कार्य संचालनको लागि आवश्यक सामग्रीहरु आपूर्ति व्यवस्था मिलाउने,
१०. आफ्नो शाखा अन्तरगतका अभिलेखहरु व्यवस्थित गर्ने गराउने र
११. मन्त्रालय सम्बन्धित शाखाले सम्पादन गर्ने गरी तोकिएका कार्यविवरण अनुसार कार्यहरु गर्ने ।

## ३.७.२. पूर्वाधार तथा प्रविधि विकास शाखा

१. स्थानीय पूर्वाधार विकास (ग्रामीण सडक, खानेपानी, सिंचाइ, उर्जा, भवन, सामाजिक पूर्वाधार तथा अन्य पूर्वाधार) सम्बन्धी आवश्यक नीतिहरुको निर्माण, परिमार्जन तथा संशोधनको लागि सहयोग गर्ने,
२. स्थानीय भौतिक पूर्वाधार विकासको लागि नेपाल सरकार तथा दातृ निकायका सशर्त अनुदानको रुपमा संचालन हुने आयोजना तथा कार्यक्रमहरुको वार्षिक योजना तर्जुमा तथा प्रगति विभाग मार्फत् प्राप्त गरी मंत्रालयस्तरमा एकीकृत गर्ने,

३. स्थानीय भौतिक पूर्वाधार विकासका लागि मन्त्रालयस्तरबाट आवश्यक अनुगमन, निरीक्षण तथा निर्देशन गर्ने सम्बन्धी कार्यमा समन्वय गर्ने,
४. स्थानीय भौतिक पूर्वाधार विकासका लागि विभाग तथा मन्त्रालयका सम्बन्धित शाखाहरु बीच आवश्यक समन्वय तथा सहयोग गर्ने,
५. शाखाको सवारी साधन, कम्प्यूटर, कम्प्यूटर नेटवर्किङ्ग, फ्याक्स, फोटोकपी मेशिन, टेलिफोन आदिको मर्मत संभार गर्ने, गराउने,
६. शाखाको सवारी साधन लगायत अन्य मालसामानहरुको एवं वस्तुगत सहायताका रुपमा प्राप्त सामानहरुको लगत अद्यावधिक राख्ने, राख्न लगाउने,
७. शाखाको दैनिक कार्य संचालनको लागि आवश्यक सामग्रीहरु आपूर्ति व्यवस्था मिलाउने,
८. आफ्नो शाखा अन्तर्गतका अभिलेखहरु व्यवस्थित गर्ने गराउने र
९. मन्त्रालय सम्बन्धित शाखाले सम्पादन गर्ने गरी तोकिएका कार्यविवरण अनुसार कार्यहरु गर्ने ।

### ३.७.३. पूर्वाधार नीति समन्वय शाखा

१. स्थानीय पूर्वाधार विकास सम्बन्धी आवश्यक नीतिहरुको निर्माण, परिमार्जन तथा संशोधन सम्बन्धी कार्यमा सहयोग गर्ने,
२. स्थानीय पूर्वाधार विकासका लागि विभाग तथा मन्त्रालयका अन्य सम्बन्धित महाशाखा तथा अन्य मन्त्रालयहरु बीच नीति कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्ने सम्बन्धी कार्य गर्ने,
३. स्थानीय पूर्वाधार विकास नीतिको प्रभावकारी कार्यान्वयनको लागि नियमित रुपमा अनुगमन कार्य गर्ने,
४. स्थानीय पूर्वाधार विकासका लागि उपयुक्त संस्थागत संरचनाको विकास एवं प्राविधिक क्षमता अभिवृद्धि गर्ने सम्बन्धी नीतिको निर्माण, परिमार्जन तथा संशोधन सम्बन्धी कार्यमा सहयोग गर्ने,
५. पूर्वाधार तथा प्रविधि विकास शाखा प्रमुखको अनुपस्थितिमा उक्त शाखाको समेत कार्यहरु गर्ने,
६. शाखाको सवारी साधन, कम्प्यूटर, कम्प्यूटर नेटवर्किङ्ग, फ्याक्स, फोटोकपी मेशिन, टेलिफोन आदिको मर्मत संभार गर्ने, गराउने,
७. शाखाको सवारी साधन लगायत अन्य मालसामानहरुको एवं वस्तुगत सहायताका रुपमा प्राप्त सामानहरुको लगत अद्यावधिक राख्ने, राख्न लगाउने,
८. शाखाको दैनिक कार्य संचालनको लागि आवश्यक सामग्रीहरु आपूर्ति व्यवस्था मिलाउने,
९. आफ्नो शाखा अन्तर्गतका अभिलेखहरु व्यवस्थित गर्ने गराउने र
१०. मन्त्रालय सम्बन्धित शाखाले सम्पादन गर्ने गरी तोकिएका कार्य विवरण अनुसार कार्यहरु गर्ने ।

## ३.८. कानुन तथा फैसला कार्यान्वयन शाखा

कानुन तथा फैसला कार्यान्वयन शाखालाई यस मन्त्रालयका सचिवको निर्देशनमा काम गर्ने गरी यसको संगठन व्यवस्था मिलाइएको छ । यस शाखाको कार्यविवरण देहाय बमोजिम रहेको छः

१. मन्त्रालयसँग सम्बन्धित ऐन नियममा सुधार गर्ने एवं विधेयक तर्जुमा गर्ने सम्बन्धी कार्य गर्ने,
२. मन्त्रालय र स्थानीय निकायहरूलाई कानुनी राय, परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने,
३. नेपाल राजपत्रमा प्रकाशन गरिनु पर्ने सूचना र अन्य यस्तै विषय सम्बन्धी कार्य गर्ने,
४. मन्त्रालय विरुद्ध परेका रिट, निवेदन र पुनरावेदन सम्बन्धी कार्य गर्ने,
५. स्थानीय निकायका कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी निर्णय उपरको निवेदन, पुनरावेदन सम्बन्धी कार्य गर्ने,
६. मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारीपत्रमा राय (Legal opinion) उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने,

७. मन्त्रालय अन्तर्गतका संस्थान, समितिको नियम, गठन आदेश र विनियम सम्बन्धी कार्य गर्ने,

८. स्थानीय निकायमा ऐन, नियम, विनियमको पालना भएनभएको अनुगमन गर्ने सम्बन्धी कार्य गर्ने,

९. शाखाबाट प्रदान भएका राय एवं शाखासँग सम्बन्धित विषयको निर्णयसार बनाउने कार्य गर्ने र

१०. शाखासँग सम्बन्धित पुराना कागजपत्र धुल्याउने सम्बन्धी कार्य गर्ने ।

## ३.९ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम हाल दोस्रो चरणमा सञ्चालित छ । कार्यक्रमको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

**कार्यक्रमको लक्ष्यः**

- स्थानीय सुशासन तथा सामुदायिक विकास मार्फत् गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

**कार्यक्रमको उद्देश्यः**

- प्रभावकारी सेवा र नागरिक सशक्तिकरणका लागि स्थानीय सरकारको सुधार ।

**कार्यकमका उपलव्धिहरुः**

- नागरिक र समुदायले स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाएको हुने ।
- स्थानीय निकायहरु जनताको माग प्रति संवेदनशील भएको हुने ।
- सबै नागरिकहरुलाई स्थानीय सेवाहरु प्रभावकारी ढंगले प्रदान गरेको हुने ।
- निक्षेपण, स्थानीय सरकार एवं स्थानीय सेवा सम्बन्धी नीति र संस्थागत ढाँचामा सुधार भएको हुने ।

## ३.१० मन्त्रालय मातहतका विभागहरुः

### ३.१०.१ केन्द्रीय पञ्जीकरण विभागः

पञ्जीकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य २०३४ वैशाखदेखि निरन्तर हुँदै आएकोमा सो कार्य बढी सरल, सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकारको मिति २०७१।७।३१ को निर्णय अनुसार केन्द्रीय पञ्जीकरण विभाग स्थापना गरिएको हो । विभागको गठन पछि पञ्जीकरणका साथै स्थानीय निकायहरुबाट सम्पादन हुँदै आएको सामाजिक सुरक्षा क्षेत्रको भत्ता वितरणको कार्य र हाल नेपाल सरकारका अन्य विभिन्न निकायहरुले गर्दैआएका सामाजिक सुरक्षा सम्बन्धी अन्य विषय क्षेत्रलाई समेत समेट्ने उद्देश्य रहेको छ ।

यस विभाग अन्तर्गत उपसचिवको नेतृत्वमा जनसंख्या तथा पञ्जीकरण, प्रशासन तथा कानुन र सामाजिक सुरक्षा तथा अनुगमन शाखा रहने र आर्थिक प्रशासन शाखाको जिम्मेवारी लेखा अधिकृतमा रहने व्यवस्था मिलाइएको छ ।

### ३.१०.२ स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागः

कृषि क्षेत्रको दीर्घकालीन योजना बमोजिम कृषि सडक निर्माण गरी स्थानीय स्तरमा उत्पादन र बजार बीचको अन्तरसम्बन्धलाई उत्पादनशील बनाउने र यसै सन्दर्भमा स्थानीय निकायहरूद्वारा संचालित पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुमा आवश्यक प्राविधिक सेवा पुर्‍याउने उद्देश्यले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको स्थापना गरिएको हो ।

विभागद्वारा स्थानीय पूर्वाधार नीति, २०६१ अनुसार स्थानीय स्तरका ग्रामीण सडक, सिंचाइ, नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ, झोलुंगेपुल, आवास तथा भवन, ग्रामीण उर्जा लगायतका स्थानीय पूर्वाधारहरुको निर्माण, सञ्चालन, अनुगमन, मर्मत सुधारका साथै स्थानीय विकास निर्माण कार्यको गुणस्तर सम्बन्धी मापदण्ड तयार गर्ने जस्ता कार्यहरु हुँदै आएको छ ।

## ३.११. मन्त्रालयसँग सम्बद्ध आयोग, प्रतिष्ठान र समितिहरुः

### ३.११.१ स्थानीय निकाय वित्तीय आयोग

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३७ बमोजिम स्थानीय निकायहरुको वित्तीय पक्षको समग्र अध्ययन, अनुसन्धान र अनुगमन मूल्याङ्कन गरी स्थानीय निकायहरुलाई वित्तीयरुपले सक्षम बनाउन नेपाल सरकार (मं.प.) बाट मिति २०५६।१०।२४ मा प्रथम पटक ६ महिनाको लागि स्थानीय निकाय वित्तीय आयोग गठन भएको हो । आयोगको स्थायी संरचना विकास गर्ने क्रममा मिति २०५८।१२।२३ मा माननीय मन्त्री मातहत रहने गरी स्थानीय निकाय वित्तीय आयोग गठन गरिएकोमा मिति २०६०।४।१ र २०६३।८।११ मा पुनर्गठन गरी हाल आयोगको संरचना देहाय बमोजिम रहेको छः

| | | |
|---|---|---|
| १. | माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री | संयोजक |
| २. | माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | उपसंयोजक |
| ३. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| ४. | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ५. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि, जिल्ला विकास समिति महासंघ | सदस्य |
| ७. | प्रतिनिधि, नेपाल नगरपालिका संघ | सदस्य |
| ८. | प्रतिनिधि, गाउँ विकास समिति राष्ट्रिय महासंघ | सदस्य |
| ९. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १०. | संयोजकले तोकेको एकजना राजश्व/लेखा विज्ञ | सदस्य |
| ११. | सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य- सचिव |

### ३.११.२ दुर्गम क्षेत्र विकास समिति

नेपालको उत्तरी सीमावर्ती जिल्लाहरु र भौगोलिक दृष्टिकोणले विकट एवं आर्थिक तथा सामाजिक दृष्टिले पिछडिएको क्षेत्रमा विशेष कार्यक्रमहरु सञ्चालन गरी उक्त क्षेत्रको विकास गर्ने उद्देश्यले नेपाल सरकारले संघीय मामिला तथा स्थानीय विकास मन्त्री/राज्यमन्त्री अध्यक्ष हुने गरी दुर्गम क्षेत्र विकास समिति गठन गरेको हो । समितिका पदाधिकारीहरुको पदावधि बढीमा ४ वर्षको हुने व्यवस्था रहेको छ ।

दुर्गम क्षेत्र विकास कार्यक्रम वि.सं. २०२२ सालमा अधिराज्यका ४ जिल्ला हुम्ला, मुस्ताङ, सोलुखुम्बुको नाम्चे बजार र ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा तत्कालीन गृह पंचायत मन्त्रालय अन्तर्गत उत्तरी सीमा प्रशासन कार्यालय मार्फत् शुरु भएको हो । दुर्गम क्षेत्र विकासको लागि वि.सं.२०२५ सालमा प्रधानमन्त्रीको अध्यक्षतामा समिति गठन भई कार्य अगाडि बढेकोमा २०२९ सालमा स्थानीय विकास विभागको स्थापना पश्चात् उक्त समितिलाई एकीकरण गरी दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग खडा गरियो ।

२०३७ सालमा स्थानीय विकास मन्त्रालयको स्थापना पश्चात् स्थानीय विकास मन्त्रीको अध्यक्षतामा समितिको गठन भएको र २०४४ सालमा भौगोलिक, सामाजिक तथा आर्थिकरुपले विपन्न अबस्थामा रहेको १८ वटा जिल्लाहरुलाई दुर्गम क्षेत्र तोकियो । २०४७ सालमा दुर्गम क्षेत्र पुनरावलोकनका लागि नेपाल सरकारद्वारा राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठको अध्यक्षतामा गठित कार्यदलको सिफारिश अनुसार मिति २०४९।१२।१६ को नेपाल सरकारको निर्णयवाट २२ जिल्लाका ४७५ वटा गाविसलाई दुर्गमक्षेत्रमा समावेश गरी दुर्गम क्षेत्र विकास कार्यक्रम सञ्चालन हुँदैआएको छ ।

### ३.११.३ बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति

नेपाल सरकारले बौद्ध दर्शनमा अध्ययन गरी खेन्पो वा सो सरहको उपाधि हासिल गरेका बौद्ध धर्मगुरुहरु मध्येबाट मनोनीत व्यक्ति अध्यक्ष रहने गरी बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति गठन गरेको छ । समितिका पदाधिकारीहरुको पदावधि बढीमा ५ वर्षको हुने व्यवस्था रहेको छ । समितिको काम, कर्तव्य र अधिकार बौद्ध दर्शनको अनुसन्धान, विकास एवं प्रवर्द्धनको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने, तोकिए बमोजिम गुम्बाहरुको दर्ता गरी सोको लगत अद्यावधिक गर्ने, गुम्बाहरुको निमार्ण, मर्मत सम्भार र सञ्चालन सम्बन्धि नीति तर्जुमा गर्ने, समितिमा दर्ता भएका गुम्बाहरुको भौतिक पूर्वाधारको आधारमा वर्गीकरण गरी त्यस्ता गुम्बाको मर्मत तथा संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने, गुम्बाले प्रदान गर्दै आएको शिक्षालाई प्रभावकारी बनाउने तथा गुम्बालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम संचालन

गर्ने, गुम्बाका लामाहरु एवं भिक्षुहरुलाई समय-समयमा देश विदेश दर्शन तथा राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी बनाउँदै गुम्बा तथा बौद्ध धर्मगुरुहरुको माध्यमबाट राष्ट्रिय एकताको भावना अभिवृद्धि गरी देशको विकास र निर्माणमा सघाउ पुऱ्याउने, गुम्बामा भएको पुरातात्विक महत्वका सामान र सार्वजनिक सम्पत्तिको विवरण संकलन गर्ने तथा सोको अद्यावधिक अभिलेख राखी सोको सुरक्षाको निमित्त आवश्यक व्यवस्था गर्ने गराउने, कसैले नयाँ गुम्बाको निर्माण तथा समितिमा दर्ता भएका गुम्बाको मर्मत वा पुनः निर्माणको लागि समितिको स्वीकृति माग गरेमा स्वीकृति दिने लगायत रहेका छन् ।

## ३.११.४ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

स्थानीय निकायका जनप्रतिनिधिहरु तथा कर्मचारीको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गराउँदै स्थानीय शासनका समसामयिक तथा नवीनतम अवधारणा तथा उपागमहरुमा निरन्तर रुपमा सूचना प्रवाह, प्रशिक्षण तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत एक स्वायत्त संस्थाको रुपमा बि.सं. २०५० असोज ४ गते स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको गठन गरिएको हो ।

प्रतिष्ठानको काम, कर्तब्य र जिम्मेवारी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन २०४९ र सो सम्बन्धी नियमावलीमा स्पष्ट उल्लेख भएको छ । बि.सं. २००९ सालमा नेपालमा पहिलो पल्ट संस्थागत रुपमा ग्रामीण विकासको लागि शुरु गरिएको त्रिभुवन ग्राम विकास कार्यक्रम देखिनै स्थानीय स्तरमा क्षमता विकासका कार्यहरु गर्दै आएको छ । त्यस पश्चात विभिन्न कालखण्डमा स्थानीय निकायहरुको क्षमता विकासका लागि महत्वपूर्ण योगदान पुर्याएको छ ।

## ३.११.५ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

नेपालको विभिन्न आदिवासी/जनजातिहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको गठन गरिएको हो ।

प्रतिष्ठानका तर्फबाट सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्नका लागि प्रतिष्ठानको सर्वोच्च अङ्गको रुपमा सम्माननीय प्रधानमन्त्री अध्यक्ष र संघीय मामिला तथा स्थानीय विकास मन्त्री/राज्यमन्त्री सहअध्यक्ष हुने गरी एक सञ्चालक परिषद् तथा सम्माननीय प्रधानमन्त्री अध्यक्ष र संघीय मामिला तथा स्थानीय विकास मन्त्री/राज्यमन्त्री सहअध्यक्ष हुने गरी एक आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (कार्यकारिणी समिति) रहने व्यवस्था रहेको छ । प्रतिष्ठानका पदाधिकारीहरुको पदावधि बढीमा ४ वर्षको हुने व्यवस्था रहेको छ । प्रतिष्ठानबाट आदिवासी/जनजातिमा सूचीकृत गरिएको संख्या ५९ रहेको छ ।

## ३.११.६ राष्ट्रिय दलित आयोग

नेपाल सरकारले दलित वर्गको उत्थान र विकास गरी देश विकासमा दलितवर्गको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय दलित आयोगको स्थापना गरेको छ । नेपाल सरकारबाट सवै किसिमका जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को सन्दर्भ पारेर २०५८ साल चैत्र ६ गते पहिलो पटक राष्ट्रिय दलित आयोगको घोषणा गरिएको हो । दलित समुदायले राज्यबाट पाउनु पर्ने अधिकार, अवसर र सुविधाहरु समतामूलक ढंगले पाउने वातावरणको सिर्जना गरी पहिचान, प्रतिष्ठा र विकासको लाभ उपलब्ध गराउन सम्मान र अधिकार प्रदान गर्नेतर्फ आयोग क्रियाशील रहेको छ ।

राष्ट्रिय दलित आयोगमा दलितहरुको विकास र उत्थानमा योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट प्रत्येक विकास क्षेत्रबाट कम्तीमा १/१ जना पर्ने गरी नेपाल सरकारले तोके बमोजिमका अध्यक्ष, सदस्यहरु र सदस्य सचिव सहित बढीमा १७ जना पदाधिकारीहरु रहने व्यवस्था रहेको छ । आयोगका पदाधिकारीहरुको पदावधि २ वर्षको हुने व्यवस्था छ ।

## ३.११.७ राष्ट्रिय मुस्लिम आयोग

नेपाल सरकारले मुस्लिम समुदायको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न मिति २०६८ चैत्र २३ गतेको निर्णयबाट राष्ट्रिय मुस्लिम आयोगको गठन गरेको छ । नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मुस्लिम आयोगको गठन र सञ्चालन सम्बन्धी व्यवस्था, २०६८ अनुसार गठित सो आयोगमा पहिलो कार्यकालका लागि मिति २०६९ साल बैशाख २१ गतेको निर्णयबाट पदाधिकारीहरुको मनोनयन भई आयोग कृयाशिल रहेको छ । यस आयोगमा मुस्लिम समुदायको उत्थान र विकासमा उल्लेखनीय योगदान पुऱ्याएका उक्त समुदायका

व्यक्तिहरुमध्येबाट प्रत्येक विकास क्षेत्रबाट कम्तीमा एकजना पर्ने गरी नेपाल सरकारबाट तोकेबमोजिमका अध्यक्ष, सदस्यहरु र सदस्य-सचिव सहित बढीमा १३ जना पदाधिकारीहरु रहने व्यवस्था रहेको छ । आयोगका पदाधिकारीहरुको पदावधि बढीमा चार बर्षको हुने प्रावधान रहेको छ ।

## ३.११.८ उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति

परम्परागत रुपमा व्यवसाय संचालन गरी जीविकोपार्जन गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै कारणले उपेक्षित, उत्पीडित र दलित हुन पुगेका नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका जात जाति वा वर्गहरु उपेक्षित, उत्पीडित र दलितवर्ग अन्तर्गत पर्दछन् ।

नेपाल सरकारले उपेक्षित, उत्पीडित र दलितवर्गको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति गठन गरेको छ । मनोनीत पदाधिकारीहरुको पदावधि ४ वर्षको हुने र निजहरु पुन नियुक्ति हुन सक्ने व्यवस्था रहेको छ ।

## ३.११.९ बादी समुदाय उत्थान विकास समिति

नेपाल सरकारले बादी समुदायको उत्थान सम्वन्धी कार्य गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी बादी समुदाय उत्थान विकास समिति गठन गरेको छ । समितिका मनोनीत सदस्यहरुको बढीमा पदावधि चार वर्षको हुने व्यवस्था गरिएको छ ।

## ३.११.१० पिछडिएको समुदाय उत्थान विकास समिति

नेपाल सरकारले पिछडिएको समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको विकास गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी पिछडिएको समुदाय उत्थान विकास समिति गठन गरेको छ । उक्त समितिमा मनोनीत सदस्यहरुको पदावधि बढीमा चार वर्षको हुने र निजहरु पुनः मनोनीत हुनसक्ने व्यवस्था रहेको छ ।

पिछडिएको समुदाय (अदर व्याकवार्ड कम्युनिटी - ओवीसी) मा समितिको सिफारिशमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मधेश तराइको जाति वा समुदाय पर्दछन् । यसरी हाल तोकिएका २९ जातजातिहरुमा - कुशवाहा, कुर्मी, कुमाहार, कहार, केवट, कानु, कमार, कलवार, तेली, नुनिया, वनिया, भेडीभर, माली, मल्लाह, मुसलमान, बरै, यादव, राजभर, राजघोव, रौनियार, लोहार लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवरत रहेका छन् ।

## ३.११.११ कर्णाली क्षेत्र विकास इकाई

कर्णली अञ्चलमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपमा विपन्न गरिब निमुखा जनताको जीवनस्तर उकासी सामाजिक न्याय दिलाउँदै सय दिनको रोजगारी उपलव्ध गराई गरिबी न्यूनीकरणमा टेवाा पुर्‍याउने उद्देश्यले कर्णाली क्षेत्र विकास इकाई गठन भएको हो । नेपालको कर्णाली अञ्चलका ५ जिल्ला समेटिएको यस इकाईबाट आ.व. २०६३/६४ देखि उत्पादन वृद्धि तथा आय आर्जन कार्यक्रम, सीप विकास तथा स्वरोजगार सिर्जन कार्यक्रम, सामुदायिक पूर्वाधार विकास कार्यक्रम, सामाजिक विकास कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

## ३.१२ संघ/महासंघः

## ३.१२.१ जिल्ला विकास समिति महासंघ

नेपालमा विकेन्द्रीकरणको संस्थागत रुपमा व्यवस्था गर्न जरुरी भइसकेको अवस्थामा सबै स्थानीय निकायको सामूहिक प्रयास जरुरी भइ सन् १९९५ मा यस संस्थाको स्थापना भएको हो । यस स्थापना पश्चात् ४ बर्ष पछि विकेन्द्रीकरणलाई कानूनी रुपमा नै व्यवस्थित गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ सालमा आयो । जि.वि.स. महासंघले विशेषगरी जिल्ला विकास समितिको संस्थागत र क्षमता विकास गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहजीकरण गर्नुका साथै नेपालमा प्रजातन्त्रलाई व्यवहारिक र आधारभूत रुपमा विकास गर्न स्थानीय प्रजातन्त्रको विकासमा सहयोग पुऱ्याएको छ ।

## ३.१२.२ नेपाल नगरपालिका संघ

राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम सन् १९९४ अर्थात् वि.स. २०५० सालमा स्थापना भएको यस संघले नेपालका सबै नगरपालिकाहरुलाई आफ्नो सदस्य बनाएको छ । यसले नगरपालिकाको नीति सुधार, विकेन्द्रीकरण, शहरी सुशासन, गरीवी न्यूनीकरण र सामाजिक समावेशीकरण तथा शहरी वातावरणका क्षेत्रमा

काम गर्दछ । यसका साथै नगरपालिकाको हितमा बहस पैरवी गर्ने, वकालत गर्ने, संजाल निर्माण गर्ने र सूचना आदानप्रदान तथा प्राविधिक र सल्लाह प्रदान (Technical and Advisory Support) गर्ने काम पनि यस संघले प्रमुखताका साथ गरी आएको छ ।

### ३.१२.३ गाउँ विकास समिति महासंघ

राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम सन् १९९६ अर्थात् वि.स. २०५२ सालमा स्थापना भएको यस गाउँ विकास समिति महासंघ (National Association of Village Development Committees in Nepal (NAVIN) ले नेपालका सबै गाउँ विकास समितिहरुलाई आफ्नो सदस्य बनाएको छ । नेपालका ३,२७६ वटा गाविसको छाता संगठनको रुपमा स्थापित यस संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफूलाई परिचित बनाएको छ । साथै यसले आफूलाई विकेन्द्रीकरण र प्रजातान्त्रिक प्रकियामा सक्रिय रुपमा अगाडि सारेको छ । यसले गाविसको हितमा बहस पैरवी गर्ने, वकालत गर्ने, संजाल निर्माण गर्ने र सूचना आदानप्रदान तथा प्राविधिक र सल्लाह प्रदान (Technical and Advisory Support) गर्ने काम पनि गरी आएको छ ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धि सेवा सूचनाको हक सम्बन्धि ऐन/नियम अनुसार प्रदान हुने । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय निकायहरुबाट हुने गरेको मन्त्रालयले सो को नीतिगत काम र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय, महांशाखा, शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण देहाय अनुसार रहेको छ ।

| सि.नं | महांशाखा र शाखा कार्यक्रम आयोग, प्रतिष्ठान, समिति र संघ संस्थाको नाम | जिम्बेवार अधिकारीको पद | जिम्बेवार अधिकारीको नाम |
|---|---|---|---|
| | **संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय** | **सचिव** | **श्री केदार बहादुर अधिकारी** |
| १ | **संघीय मामिला महाशाखा** | **सहसचिव** | **डा.हरि पौडेल** |
| | ▪ संघीय मामिला शाखा | उपसचिव | श्री गोपाल प्रसाद अर्याल |
| | ▪ स्थानीय निकाय राजस्व परिचालन शाखा | उपसचिव | श्री प्रदिप कुमार निरौला |
| | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा | उपसचिव | श्री लिला अधिकारी |
| २ | **सामान्य प्रशासन महाशाखा** | **सहसचिव** | **श्री चक्र बहादुर बुढा** |
| | ▪ कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री भरत कुमार शर्मा |
| | ▪ जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा | उपसचिव | श्री चिरञ्जिवी तिम्सिना |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव | श्री ढुण्डी प्रसाद निरौला |

| | | | |
|---|---|---|---|
| ३ | **स्वायत्त शासन व्यवस्था महाशाखा** | **सहसचिव** | **श्री रेश्मीराज पाण्डे** |
| | ▪ ग्रामीण विकास शाखा | उपसचिव | श्री विजयराज सुवेदी |
| | ▪ विकेन्द्रीकरण शाखा | उपसचिव | श्री रामुराज कडरीया |
| | ▪ सामाजिक परिचालन तथा गैसस समन्वय शाखा | उपसचिव | श्री बन्धु प्रसाद बास्तोला |
| ४ | **अनुगमन तथा मूल्यांकन महाशाखा** | **सहसचिव** | **श्री मधुसुदन बुर्लाकोटी** |
| | ▪ अनुगमन तथा मूल्यांकन शाखा | उपसचिव | श्री चक्रपाणि शर्मा |
| | ▪ सुशासन प्रवर्धन शाखा | उपसचिव | श्री रमेश न्यौपाने |
| | ▪ समिति, आयोग र प्रतिष्ठान समन्वय शाखा | उपसचिव | श्री सुमन घिमिरे |
| ५ | **योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा** | **सहसचिव** | **श्री केदारनाथ शर्मा** |
| | ▪ योजना शाखा | उपसचिव | श्री नारायणप्रसाद रिसाल |
| | ▪ वैदेशिक सहयोग समन्वय शाखा | उपसचिव | श्री छबी रिजाल |
| | ▪ सूचना तथा विद्युतीय शासन शाखा | उपसचिव | श्री मदन कोइराला |
| ६ | **नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा** | **सहसचिव** | **श्री गोपिकृष्ण खनाल** |
| | ▪ नगरपालिका व्यवस्था शाखा (क) | उपसचिव | श्री प्रेम राज जोशी |
| | ▪ नगरपालिका व्यवस्था शाखा (ख) | उपसचिव | श्री नरहरि शर्मा भण्डारी |
| | ▪ वातावरण व्यवस्थापन शाखा | उपसचिव | श्री गुरुप्रसाद सुवेदी |
| | ▪ अग्नि नियन्त्रण तथा विपद् व्यवस्थापन शाखा | उपसचिव | श्री पुरुषोत्तम सुवेदी |
| ७ | **पूर्वाधार विकास महाशाखाः** | **सहसचिव** | **श्री जीवनकुमार श्रेष्ठ** |
| | ▪ मापदण्ड निर्धारण तथा प्रविधि परीक्षण शाखा | उपसचिव | |
| | ▪ पूर्वाधार तथा प्रविधि विकास शाखा | उपसचिव | श्री महेश अर्याल |
| | ▪ पूर्वाधार नीति समन्वय शाखा | उपसचिव | श्री अशोक कुमार झा |
| ८ | कानुन तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री नवीन कुमार जोशी |
| ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | निर्देशक | श्री रेशम लाल कडेल |
| **१२** | **स्थानीय निकाय वित्तीय आयोग** | **सहसचिव** | **श्री पुरुषोत्तम नेपाल** |
| १० | **केन्द्रीय पञ्जीकरण विभाग** | **महां निर्देशक** | **श्री अनिल कुमार ठाकुर** |
| ११ | **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागः** | **महां निर्देशक** | **श्री रामकृष्ण सापकोटा** |

| | | | |
|---|---|---|---|
| | | | |
| १३ | स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान | का.नि. | प्रा.डा.बिष्णु सापकोटा |
| १४ | दुर्गम क्षेत्र विकास समिति | अध्यक्ष | श्री दिपक जंङ्ग शााह |
| १५ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | अध्यक्ष | श्री कर्मा छिरिङ्ग टासी लामा |
| १६ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | अध्यक्ष | श्री चन्द्र बहादुर गुरुङ्ग |
| १७ | राष्ट्रिय दलित आयोग | अध्यक्ष | रिक्त |
| १८ | राष्ट्रिय मुस्लिम आयोग | अध्यक्ष | श्री नसिरुद्धिन शेष |
| १९ | उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति | अध्यक्ष | श्री मुक्त वहादुर महेत |
| २० | बादी समुदाय उत्थान विकास समिति | अध्यक्ष | श्री रामे वादी |
| २१ | पिछडिएको समुदाय उत्थान विकास समिति | अध्यक्ष | श्री रामचन्द्र प्रसाद कोइरी |
| २२ | कर्णाली क्षेत्र विकास इकाई | उपसचिव | श्री भुपेन्द्र सापकोटा |
| २३ | जिल्ला विकास समिति महासंघ | अध्यक्ष | श्री कृष्णलाल सापकोटा |
| २४ | नेपाल नगरपालिका संघ | अध्यक्ष | श्री डोरमणि पौडेल |
| २५ | गाउँ विकास समिति महासंघ | अध्यक्ष | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### क.सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर

### ख सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अबधी भित्र र

२. अन्य बिशेष कानूनले अबधी तोकेकोमा सोही बमोजिमको

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महांशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री केदार बहादुर अधिकारी

# ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

- भवन निर्माण मापदण्ड एकीकरण गर्न कार्यदल गठन गरिएको ।
- यस अवधिमा मन्त्रालयमा निम्न कार्यविधि, नियमावली एवं मार्गदर्शन स्वीकृत भई कार्यान्वयनमा रहेको:-
  - ➢ सीमा क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि, २०७२ (प्रथम संशोधन)
  - ➢ नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३
  - ➢ निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७३ (पहिलो संशोधन)
  - ➢ निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७३ (छैठौं संशोधन)
  - ➢ जिल्ला स्तरीय नदीजन्य पदार्थ संकलन तथा उत्खनन कार्यका लागि गरिने प्रारम्भिक बातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृति सम्बन्धी मार्गदर्शन, २०७३
  - ➢ टोल विकास संस्था संचालन कार्यविधि, २०७३
- ३० नयाँ नगरपालिकाहरुलाई सवारी साधन खरिद गर्न रु ३० लाखका दरले अख्तियारी पठाइएको ।
- चालू आ.व. को चौमासिक अवधिमा कूल २९९४ घरधुरी बातावरणमैत्री घर परिवार घोषणा भएको ।
- यस आ.व.२०७३।७४ मा देशका ३३ बटा नगरपालिकाहरुला ई दमकल खरिदका लागि रु ६० ,००,०००।– ( साठी लाख) का दरले रकम प्रदान गरिएको ।
- सुशासन प्रब र्द्धनका लागि स्थानीय जनता एवं संबद्ध सरोकार वर्गहरुको केन्द्र एवं स्थानीय निकायहरुमा सहज पहुंच एवं सम्पर्क का लागि मन्त्रालयका उच्च प दाधिकारीहरु, स्थानीय विकास अधिकारीहरु तथा कार्यकारी अधिकृतहरुका लागि Post Paid Sim उपलब्ध गराइएको ।
- मन्त्रालयको लागि Mobile Apps Develop भैसकेको ।
- चालू आ.व. २०७३/७४ मा कार्यक्रम संचालन हुने जिल्लाहरुमा योजनाहरुको कार्ययोजना बनाई समयमै सम्भाव्यता अध्ययन गर्ने कार्य भैरहेको तथा गत वर्षमा संचालित योजनाहरुको अनुगमन सुपरीवेक्षण गर्ने कार्य भएको ।
- सीमा क्षेत्र विकास कार्यक्रम विस्तार गरी सो कार्यक्रम संचालन भएका २० जिल्लाको वार्षिक कार्यक्रम स्वीकृत गरी अख्तियारी पठाएको ।
- मिति २०७३।५।१३ को मन्त्रीस्तरको निर्णय बमोजिम मिति २०७३।४।२० पछि जन्मेका नेपालभरका दलित र कर्णाली अञ्चल का नवजात शिशुको जन्मदर्ता म्याद भित्रै गर्न आउने परिवारलाई प्रोत्साहन स्वरुप रु १०००।– उपलब्ध गराउने निर्णय भएको ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाउन मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा निर्देशक समिति गठन भएको र सो समितिलाई सहयोग गर्न केन्द्रीय पञ्जिकरण विभागका महानिर्देशकको संयोजकत्वमा गृहमन्त्रालयका सहसचिव समेत सदस्य रहने गरी कार्यावन्यन समिति गठन भएको ।
- ७५ वटै जिल्ला विकास समितिको कार्यालयहरुमा लेखा सफ्टवेयर संचालनमा आएको ।
- बेरुजुको अभिलेख र व्यवस्थापनका लागि Audit Observation and Tracking System (AORTS) को शुरुवात गरिएको । यसैलाई सबै जिल्ला विकास समितिहरुमा हस्तान्तरण गरिएको र जिल्ला विकास समितिहरुले यसको प्रयोग गर्ने क्रम रहेको ।
- अनुगमन तथा निरीक्षण प्रणालीलाई प्रभावकारी एवं व्यवस्थित बनाउनका लागि चालू आ.व.का लागि मन्त्रालयका सह सचिवज्यूहरूको संयोजकत्वमा सात प्रदेशका कम्तिमा २८ जिविस, ३५ नगरपालिका र

४२ गाविसहरूको सघन अनुगमन गर्नका लागि नेपाल सरकार (मन्त्रीस्तर)को निर्णय अनुरुप सघन अनुगमनको कार्य सुरु गरिएको ।

- २७ जिल्ला विकास समितिहरू तथा २७ नगरपालिका र ३२ गाविसहरुको अनुगमन भई प्राप्त प्रतिवेदनको आधारमा सघन अनुगमन विश्लेषण प्रतिवेदन, २०७३ तयार भएको ।
- प्रदेशस्तरीय वार्षिक प्रगति समीक्षा गोष्ठीको प्रारम्भिक बार्षिक प्रतिवेदन तयार भएको ।
- सुशासन कायम गर्ने सन्दर्भमा विभिन्न निकायहरुबाट यस अवधिमा ७३२ उजुरीहरु प्राप्त भएकोमा ५७० उजुरीहरु फछ्र्यौट भएको र बांकि उजुरीहरुको फछ्र्यौट गर्ने कार्य भैरहेको ।
- नगरपालिकाका राजश्व शाखाको क्षमता विकासका लागि देशका १५९ नगरपालिकाहरुलाई रु. १,००,०००।- का दरले रकम उपलब्ध गराइएको ।
- मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग तथा आदिवासी जनजाति आयोग सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयकहरु तयार गरी व्यवस्थापिका-संसदमा पठाइएको ।
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) (पहिलो संशोधन) ऐन, २०७३ तर्जुमा सम्बन्धी कार्य अगाडि बढाइएको ।
- नेपालको संविधान बमोजिम स्थानीय तह सञ्चालन सम्बन्धी प्रदेश कानून का विषयमा आवश्यक प्रवन्ध गर्ने सम्बन्धी विधेयक र गाउँपालिका र नगरपालिकाको वडाको संख्या निर्धारण, स्थानीय तहले बजेट पेश गर्ने समय किटान गर्न तथा स्थानीय तहको कार्यकारीणी सम्बन्धी अन्य व्यवस्था गर्न संघीय कानून सम्बन्धी विधेयक तर्जुमाको लागि नेपाल सरकार को सैद्धान्तिक स्वीकृतिको लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव दर्ता गरिएको ।
- जातीय भेदभाव तथा छुवाछुत अन्त्य सम्बन्धी नियमावली तर्जुमा मस्यौदा तयारी ।
- जातीय भेदभाव तथा छुवाछुत अन्त्य सम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण ।
- Technical Audit Guideline for Local Infrastructure तयार गर्ने कार्य भइरहेको ।
- जिल्लाहरुको Status of Quality Lab तयार गर्ने कार्य भइरहेको ।
- ७२ नगरपालिकाहरुको MTMP Status तयार गरी Project Bank तयार गर्ने कार्य भइरहेको ।
- नेपालको संविधान कार्यान्वयनको लागि मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा एक निर्देशक समिति र सहसचिवहरुको संयोजकत्वमा देहाय बमोजिम कार्यदल गठन भएको :-
    - संघीयता कार्यान्वयन एवं बिषयगत निक्षेपणसम्वन्धी मार्गचित्र तयारी तथा समन्वय कार्यदल
    - स्थानीयतह सम्बन्धी संघीय कानूनको विधेयक तर्जुमा कार्यदल
    - स्थानीय पूर्बाधार मापदण्ड सम्वन्धी अध्ययन कार्यदल
    - स्थानीयतहमा सेवाप्रवाहको निरन्तरता सम्वन्धी अध्ययन कार्यदल
    - प्रदेश तथा स्थानीयतहमा राजश्व तथा वित्तीय व्यवस्थापन सम्वन्धी अध्ययन कार्यदल
    - प्रदेश तथा स्थानीयतहमा योजना व्यवस्थापन सम्वन्धी अध्ययन कार्यदल
- सरुवा /पदस्थापन/काज (अप्राविधिक)

| क्रस | विवरण | उपसचिव | शाखा अधिकृत | नासु | खरिदार |
|---|---|---|---|---|---|
| १ | सरुवा/पदस्थापन | ६२ | १२६ | २३ | ३८ |
| २ | काज | ६ | | | |
| ३ | सरुवा सहमती माग | | | ७ | ५ |

- सरुवा /पदस्थापन/काज (प्राविधिक)

| क्रस | विवरण | सिडिइ | इन्जिनीयर |
|---|---|---|---|
| १ | सरुवा | ३४ | ३ |
| २ | काज | - | ५ |

मन्त्रालय मातहत रहेका आयोजनाहरु सुनौलो हजार दिन SNRTP, DRILIP, CIP ले Unaudited Project Account पेश गरिसकेको । जिल्ला विकास समितिको कार्यालय ७५ वटैमा लेखा सफ्टवेयर संचालनमा आएको ।

- चालू आ.व.को अख्तियारी पठाइएको ।
- बेरुजुको अभिलेख र व्यवस्थापनका लागि Audit Observation & Tracking System – AORTS को शुरुवात गरिएको । यसैलाई सबै जिल्ला विकास समितिमा हस्तान्तरण गरिएको, जिल्ला विकास समितिहरुले यसको प्रयोग गर्ने क्रम रहेको ।
- बेरुजु फछ्र्यौट कार्यलाई विशेष महत्वकासाथ लिइनुका साथै बेरुजु आउनै नदिन एवं बेरुजु उत्पादनलाई न्यून गर्ने खालका प्रयासहरु भएको । कूल आर्थिक कारोबारको १% भन्दा कम बेरुजु रहने निकायलाई प्रोत्साहन गर्न शुरु गरिएको ।
- स्थानीय निकायको आन्तरिक लेखापरीक्षणलाई बढी प्रभावकारी गराउन जोखिममा आधारित भै कार्य गराउने गरि निर्देशिका तयारी भैरहेको ।
- सुशासन शाखाबाट भए गरेका कामहरु

| निकाय | उजुरी | काम सम्पन्न हुँदै |
|---|---|---|
| मिसिल संख्या | १७५ | ४ वटा लागत कट्टा ९७ |
| हेलो सरकार | ३५४ | ३५२ |
| अख्तियार दुरपयोग अनुसन्धान आयोग | १११ | ७८ |
| राष्ट्रिय सर्तकता केन्द्र | ४० | १३ |
| प्रधानमन्त्री तथा मन्त्रि परिषद् कार्यालयको | ३७ | २० |
| मन्त्रालवाट प्राप्त | १५ | १० |

# १०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री केदार बहादुर अधिकारी |
| प्रबक्ता | सहसचिव श्री केदानाथ शर्मा |
| सहायक प्रबक्ता र सूचना अधिकारी | उपसचिव मदन कोइराला |
| सहायक सूचना अधिकारी | शाखा अधिकृत गोबिन्दप्रसाद पाण्डे |

# ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

## नेपालको संबिधान

**ऐन:**

- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

**नियम:**

- स्थानीय स्वायत्त शासन नियमावली, २०५६

- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना ( दर्ता गर्ने ) नियमावली, २०३४
- स्थानीय विकास कोष नियमावली, २०५६
- निर्वाचन क्षेत्र विकास कार्यक्रम ( संचालन कार्यविधि ) नियमावली, २०५८
- स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली), २०६४
- निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम ( संचालन कार्यविधि ) नियमावली, २०७१

**गठन आदेश:**

- दुर्गम क्षेत्र विकास समिति गठन आदेश, २०३३
- उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति गठन आदेश, २०५४
- पिछडिएको समुदाय उत्थान विकास समिति गठन आदेश, २०६५
- वादी समुदाय उत्थान विकास समिति गठन आदेश, २०६८
- बौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति गठन आदेश, २०६८
- राष्ट्रिय दलित आयोगको गठन र संचालन सम्बन्धी व्यवस्था
- राष्ट्रिय मुस्लिम आयोगको गठन र संचालन सम्बन्धी व्यवस्था , २०६८

**कार्यविधि:**

- जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (संशोधन) कार्यविधि, २०६५
- गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (संशोधन) कार्यविधि, २०६६
- नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (संशोधन) कार्यविधि, २०६६
- बाल संरक्षण अनुदान कार्यविधि, २०६६
- जगेडाकोष संचालन (तेश्रो संशोधन) कार्यविधि, २०६६
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७
- स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७
- स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
- वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय, रणनीति २०६८
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
- सामाजिक सुरक्षा कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०६९
- बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि, २०७०
- सुनौला हजार दिन आयोजना कार्यान्वयन कार्यविधि, २०७०
- महिला जिल्ला समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- महिला नगर समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- आदिवासी/जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- दलित जिल्ला समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- अपाङ्ग जिल्ला समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- अपाङ्ग नगर समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
  पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसंचालन) कार्यविधि, २०७२
- सामाजिक परिचालन कार्यविधि, २०७१

**दिग्दर्शन/निर्देशिका/ मार्गदर्शन:**

- जिविसको आन्तरिक राजस्व प्रक्षेपण सम्बन्धी दिग्दर्शन, २०६१

- स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका, २०६४
- स्थानीय विकास शुल्कको थप रकम खर्च गर्ने शर्त र मार्ग निर्देशन, २०६५
- वारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका, २०६७
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८
- जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९
- कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९
- जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९
- पिछडिएको तराई/मधेश विशेष कार्यक्रम (कार्यान्वयन मार्गदर्शन), २०६९
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सुधारको कार्ययोजना, २०६९
- बालमैत्री स्थानीय शासन प्रारुप, २०७०
- वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखा संचालन सम्बन्धी मार्गदर्शन, २०७०
- गाविस दिग्दर्शन, २०७१
- आवधिक जिल्ला विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका
- उपभोक्ता समिति गठन संचालन र व्यवस्थापन सम्बन्धी निर्देशन
- पिछडिएको तराई/मधेश विशेष कार्यक्रम (कार्यान्वयन मार्गदर्शन)
- आर्थिक प्रशासन शाखा बेरुजु फछ्र्यौट कार्ययोजना र मार्गदर्शन
- घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँड सम्बन्धमा

**परिपत्रहरुको संगालोः**

- स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरुको संग्रह, २०७०

**नीतिहरुः**

- सार्वजनिक - निजी साझेदारी नीति, २०६०
- स्थानीय पूर्वाधार विकास नीति, २०६१
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६
- बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति

# १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

## बजेट शिर्षक र खर्च रकम

| सि.नं. | बजेट उपशिर्षक नं. | बजेट रकम | बजेट खर्च |
|---|---|---|---|
| १ | ३६५८०७३ | ७०,१७,०००।- | ५,४८,४९२।- |
| २ | ३६५८०७४ | ५,००,०००।- | - |
| ४ | ३६५०११३ | २०,५४,३४,०००।- | ९०,७६,७२,८६।०६ |
| ३ | ३६५०११४ | ९४,८०,०००।- | - |
| ५ | ३६५८४५३ | ३५,२७,०००।- | ३,४७,१५२।- |

# १३. मन्त्रलय अन्तरगत सञ्चालित कार्यक्रमहरु

| सि.नं. | व.उ.शी.नं. | कार्यक्रमको नाम | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १ | ३६५०११ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | उ.स. श्री नारायण प्रसाद रिसाल |
| २ | ३६५०१३ | राष्ट्रिय दलित आयोग | उ.स.श्री गोपाल तिमिल्सिना |
| ३ | ३६५०१५ | केन्द्रिय पंजिकरण बिभाग | उ.स. श्री सालिकराम रिजाल |
| ४ | ३६५०१६ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | सि.डि.ई.श्री उमाशंकर शाह |
| ५ | ३६५०२० | राष्ट्रिय मुस्लिम आयोग | उ.स.श्री विष्णुप्रसाद भुसाल |
| ६ | ३६५०२१ | केन्द्रिय पंजिकरण बिभाग | उ.स. श्री सालिकराम रिजाल |
| ७ | ३६५१०१ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ई. श्री ज्ञान बहादुर शेर्पा |
| ८ | ३६५१०४ | स्थानीय निकाय वित्तीय आयोग | उ.स.श्री विष्णुदत्त गौतम |
| ९ | ३६५१०५ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | शा.अ. श्री दिवस राई |
| १० | ३६५१०६ | उपेक्षित,उत्पीडीत र दलितवर्ग उत्थान विकास समिति | शा.अ. श्री दिपक घिमिरे |
| ११ | ३६५१०८ | पिछडिएको समुदाय उत्थान विकास समिति | शा.अ. श्री पुरुषोत्तम शर्मा |
| १२ | ३६५१४४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | निर्देशक श्री जयकुमार श्रेष्ठ |
| १३ | ३६५१५० | बादी समुदाय उत्थान विकास समिति | शा.अ.श्री भिम प्रसाद दाहाल |
| १४ | ३६५१५१ | साना विकास आयोजना | उ.स.श्री छवि रिजाल |
| १५ | ३६५१५४ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | स.प्र श्री टोपाराम आचार्य |
| १६ | ३६५१५५ | संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | उ.स. श्री गोपाल प्रसाद अर्याल |
| १७ | ३६५८०१ | जिल्ला विकास समिति अनुदान | उ.स. श्री विजयराज सुवेदी |
| १८ | ३६५८०२ | गाऊं विकास समिति अनुदान | उ.स.श्री विजयराज सुवेदी |
| १९ | ३६५८०३ | नगरपालिका अनुदान | उ.स. श्री प्रेमराज जोशी |
| २० | ३६५८०४ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | सि.डि.ई.श्री अमृत श्रेष्ठ |
| २१ | ३६५८०५ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | सि.डि.ई.श्री अमृत श्रेष्ठ |
| २२ | ३६५८०६ | ग्रामीण पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम | सि.डि.ई. श्री ठाकुरराज पन्त |
| २३ | ३६५८०७ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | उ.स.श्री चक्रपाणी शर्मा |
| २४ | ३६५८०८ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | सि.डि.ई श्री गंगा बहादुर बस्नेत |
| २५ | ३६५८०९ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | सि.डि.ई श्री माधव भट्टराई |
| २६ | ३६५८१० | ग्रामीण पहुंच कार्यक्रम | सि.डि.ई श्री मोहन चापागाई |

| | | | |
|---|---|---|---|
| २७ | ३६५८१५ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम | सि.डि.ई.श्री महेश्चन्द्र न्यौपाने |
| २८ | ३६५८१६ | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | शा.अ. श्री सागरमणि श्रेष्ठ |
| २९ | ३६५८१७ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | उ.स. श्री प्रेमराज जोशी |
| ३० | ३६५८१९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | उ.स. श्री रेशम कंडेल |
| ३१ | ३६५८२१ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | सि.डि.ई.श्री अमृत श्रेष्ठ |
| ३२ | ३६५८२२ | कर्णाली रोजगार कार्यक्रम | उ.स. श्री भुपेन्द्र सापकोटा |
| ३३ | ३६५८२५ | स्थानीय अग्रसरतालाई नयां ज्ञान र सीपसंग जोड्ने कार्यक्रम | टिम लिडर श्री घनरश्याम पाण्डे |
| ३४ | ३६५८३१ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | सि.डि.ई श्री माधव भट्टराई |
| ३५ | ३६५८३३ | सामुदायिक सिंचाइ आयोजाना | सि.डि.ई. श्री कमल जैसी |
| ३६ | ३६५८३७ | साना सिचाई, नदि नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | सि.डि.ई. श्री शम्भु कार्की |
| ३७ | ३६५८३८ | सुनौला हजार दिन कार्यक्रम | उ.स.श्री विजयराज सुवेदी |
| ३८ | ३६५८४० | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | सि.डि.ई. श्री शम्भु कार्की |
| ३९ | ३६५८४१ | उन्नती-समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | सि.डि.ई. श्री कुमार थापा |
| ४० | ३६५८४२ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | सि.डि.ई श्री कृष्ण कटुवाल |
| ४१ | ३६५८४३ | स्थानीय सडक सुधार कार्यक्रम | सि.डि.ई. श्री जीवन गुरागाई |
| ४२ | ३६५८४४ | साना सिंचाई कार्यक्रम | सि.डि.ई श्री शम्भु कार्की |
| ४३ | ३६५८४५ | गरिवसँग विश्वेश्वर कार्यक्रम | उ.स.श्री विजयराज सुवेदी |
| ४४ | ३६५८४६ | वातावरण मैत्री स्थानीय शासन कार्यक्रम | उ.स. श्री गुरुप्रसाद सुवेदी |
| ४५ | ३६५८४७ | बहुक्षेत्रीय पोषण कार्यक्रम | उ.स.श्री विजयराज सुवेदी |
| ४६ | ३६५८५० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | उ.स.श्री विजयराज सुवेदी |
| ४७ | ३६५८५१ | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | सि.डि.ई. श्री गंगा बहादुर बस्नेत |
| ४८ | ३६५८५२ | सीमा क्षेत्र विकास कार्यक्रम | उ.स. श्री भुपेन्द्र सापकोटा |
| ४९ | | भुकम्प आपतकालिन सहायता आयोजना | सि.डि.ई. महेश्वर घिमिरे |
| ५० | | आवास पुर्न निर्माण आयोजना | सि.डि.ई. श्री नारायण श्रेष्ठ |

## १४. मन्त्रालय अन्तर्गत सञ्चालित परियोजना/कार्यक्रमहरु

| क्र.सं. | देश वा संस्थाको नाम | परियोजनाको नाम | बजेट | अवधि |
|---|---|---|---|---|
| १ | World Bank | Strengthening the national rural transport program | $१०० मिलियन | २०१४-२०१९ |
| २ | World Bank | Community Action for | $४० मिलियन | २०१२-२०१७ |

| | | | | |
|---|---|---|---|---|
| | | Nutrition Project: Sunaula hajar Din | | |
| ३ | World Bank | Strengthening the system for social Protection and civil registration Project | $१५० मिलियन | (संझौताको चरणमा रहेको) |
| ४ | DFID | Strengthening the national rural transport program | $ ११.५ मिलियन | २०१४-२०१९ |
| ५ | DFID | Rural access Program | ३६.४५ मिलियन पाउण्ड स्टर्लिङ | २०१३-२०१९ |
| ६ | DFID | Environment Friendly Local Governance Programe | १५ मिलियनपाउण्ड स्टर्लिङ | २०१४-२०१७ |
| ७ | SDC | Trial Bridge Program | ९.९ मिलियन स्वीस मुद्रामा | २०१४-२०१९ |
| ८ | SDC | Decentralised Rural Infrastructure and Livelihood Program | $७.०६ मिलियन | २०१२-२०१६ |
| ९ | SDC | Decentralised Rural Infrastructure and Livelihood Program | $७.०६ मिलियन | २०१२-२०१६ |
| १० | SDC | River Protection Works and Livelyhood Improvements in Chitawan | $५.८ मिलियन | २०१४-२०१८ |
| ११ | SDC | Small Irrigation Program | १७.८ मिलियनस्वीस मुद्रामा | २०१५-२०१९ |
| १२ | ADB | Community Irrigation Project | $ २४.४ मिलियन | 8 Feb 2011-28 Feb 2017 |
| १३ | ADB | Decentralised Rural Infrastructure and Livelihood Program | $२५ मिलियन | २०१२-२०१६ |
| १४ | ADB | Earthquake Emergency Assistance Programme | NRS ५.३५ बिलियन | २०१५-२०१८ |
| १५ | JICA | Community Mediation Capacity for Peaceful and Harmonios Sociey Project | NRs ३.५ मिलियन | २०१५-२०१८ |
| १६ | JICAUNFPA, UNFPA, UN Woman, GIZ, UNCDF,Norway, | LGCDP - II | नखुलेको | २०१३-२०१७ |
| १७ | UNICEF | Rural water supply and sanitation Program | NRs 8250 thousands | Year Wise |
| १८ | UNICEF | Multi-sectoral Nutrition Plan | NRs1,72,000 Thousands | Year Wise |
| १९ | Finland | Rural Village water resources | 15.5 Euro | २०६७/६८-२०७१/७२ |

| | | | | |
|---|---|---|---|---|
| | | management Project- Phase II | | |
| २० | Finland | Rural water supply and sanitation Program in Western Nepal | 1589611 Thousands | २०७०/७१-२०७४/७५ |
| २१ | Finland | Rural Village water resources management Project- Phase III | 10,14,000 Thousands | 1 March 2016 – 15 July 2022 |
| २२ | ADB | Strengthening Public Management Program | | |
| २३ | UNNATI | Inclusive Growth Program in Nepal | १९० मिलियन DKK | |

## १५. मन्त्रालयको वेभसाईट

संघीय मामिला तथा स्थानीय मन्त्रालय बेवसाइट www.mofald.gov.np

## १६. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका सबै परिपत्र र सूचनाहरु मन्त्रालयको वेबसाईड www.mofald.gov.np नियमित प्रकाशन हुने गरेको, विभाग, समिति प्रतिष्ठान र स्थानीय निकायहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको तथा मन्त्रालयका प्रकाशनहरु निम्नानुसार छन्

क. स्वशासन पत्रिका
ख. स्थानीय सुशासनका अभ्यासहरु
ग. जिल्ला, नगरपालिका तथा गाऊ बिकास समितिको संक्षिप्त विवरण पुस्तिका
घ. स्थानीय बिकास गतिबिधि

## १७. मन्त्रालय निकायमा परेको सूचना माग सम्बन्धी निवेदन

सूचना माग सम्बन्धि निवेदन ३ (तीन) वटा

## १८. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरु

१) बिभाग, समिति/प्रतिष्ठान/आयोग, ७५ जिबिस, २१७ नगरपालिकाका सूचना अधिकरीको विवरण संकलनको सुरुवात गरिएको ।
२) बिभाग, समिति/प्रतिष्ठान/आयोग, ७५ जिबिस, २१७ नगरपालिकाका सूचना अधिकारीलाई आ.ब. ०७३/०७४ मा सूचनाको हक सम्बन्धि अभिमुखिकरण तालिमको कार्यकम राखिएको ।

## १९. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## २०. मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको नामावली

बर्गिकरण नभएको ।

**नोट-** प्रस्तुत विवरण संघीय मामिला तथा स्थानीय मन्त्रालय सिंहदरवार काठमाडौंको बेवसाइट www.mofald.gov.np मा समेत हेर्न सकिने छ ।